छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ • अंक १७१ • २०७९ साल कार्तिक ३० गते बुधबार (16 November, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com



लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो । त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं । छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं । नेपाल सरकार विज्ञापन बोर्ड


## रौतहट १ को प्रदेशमा स्वतन्त्र उम्मेदवार भारी

**राकेश यादव**

गौर । रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा स्वतन्त्र उम्मेदवार प्रभु साहको जितमाथि ग्रहण लागेको बेला निर्वाचन क्षेत्र नम्बर १ को दुबै प्रदेशसभा क्षेत्रमा स्वतन्त्र उम्मेदवार भारी परेका छन् ।

प्रदेश १ को 'क' मा पाँच दलीय गठबन्धनबाट कांग्रेसका नागेन्द्र साह उम्मेदवार छन् । एमाले जसपा गठबन्धनबाट एमालेका राजकिशोर यादव उम्मेदवार छन् । दुबै गठबन्धनका उम्मेदवारलाई स्वतन्त्र उम्मेदवार बाबुलाल साहले कडा टक्कर दिइरहेका छन् ।

रौतहट जिल्लामा एमाले परित्याग गरेका प्रभु साहले स्वतन्त्र उम्मेदवारहरुको पक्षमा लविंग गरिरहेका छन् । स्वतन्त्र उम्मेदवारहरुलाई आफ्नो भन्दै साहले सहानुभूति लिने प्रयास गरेको बताइन्छ ।

कांग्रेसका साह र एमालेका यादवलाई प्रदेशमा चुनौती दिइरहेका छन् ।स्वतन्त्र उम्मेदवार साहले चुनाव जिते आश्चर्य नहुने रामशोभित राउत बताउँछन् ।'मतदाताहरुले परिवर्तन चाहेका छन्' उनले भने, पुराना दलका उम्मेदवारहरुको विरुद्ध मतदाताहरुले स्वतन्त्र उम्मेदवारप्रति सहानुभूति देखाउन थालेका छन् ।प्रदेशमा स्वतन्त्र उम्मेदवार डा.सोहेल तैयबको अवस्था पनि कमजोर नरहेको बताइन्छ।तर मुख्यप्रतिस्पर्धा एमालेका यादव, कांग्रेसका साह र स्वतन्त्र उम्मेदवार बाबुलालबीच नै हुने देखिन्छ ।

> **रौतहटका युवा नेता श्यामबिहारी यादवले जसपाका उम्मेदवारप्रति मतदाताहरु सकारात्मक देखिएको बताए ।उनी क्षेत्रमा सर्वाधिक सक्रिय र योजनाहरु ल्याउने नेतामा अगाडि रहेका छन् ।**

प्रतिनिधिसभा सदस्यमा सत्तारुढ गठबन्धनबाट नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल र एमाले जसपा गठबन्धनबाट एमालेका उम्मेदवार अजय गुप्ता उम्मेदवार छन् ।जसपाले गुप्तालाई छाडिसकेको बताइन्छ ।

यस्तै रौतहट १ को 'ख'मा पनि त्रिपक्षीय भीडन्त देखिएको छ । यहाँ पनि दुबै गठबन्धनका उम्मेदवारलाई स्वतन्त्र उम्मेदवार राजेश चौधरीले कडा चुनौती दिइरहेका छन् । पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेस मधेश प्रदेश समितिका सभापति कृष्णा यादव उम्मेदवार छन् । मधेश प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी राज्यमन्त्री योगेन्द्र राय यादव उम्मेदवार छन् ।

प्रदेश ख मा कांग्रेसका मधेश प्रदेशका सभापति समेत रहेका कृष्णा यादवलाई माओवादी र एसले समर्थन जनाएका छन् ।सत्तारुढ गठबन्धनका दलहरुले स्थानीय तहमा प्राप्त गरेको मत एमाले जसपा गठबन्धनको भन्दा बढी छ ।

जसपाका उम्मेदवार राज्यमन्त्री यादवको व्यक्तित्व र सक्रियताले अन्य दलका मत समेत पर्ने स्थानीयहरु बताउँछन् ।रौतहटका युवा नेता श्यामबिहारी यादवले जसपाका उम्मेदवारप्रति मतदाताहरु सकारात्मक देखिएको बताए ।उनी क्षेत्रमा सर्वाधिक सक्रिय र योजनाहरु ल्याउने नेतामा अगाडि रहेका छन् ।

### चुनावमा मधेश कृषि विश्वविद्यालय
## भीसी र रेक्टर मात्र भएको विश्वविद्यालयमा विद्यार्थी भर्ना आह्वान

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश सरकारले गत आर्थिक वर्षमा स्थापना गरेको मधेश कृषि विश्वविद्यालयले नयाँ शैक्षिक सत्रका लागि बीएस्ससी एजी(अनर्स)मा विद्यार्थीहरुबाट आवेदन माग गरेको छ ।

राजविराजस्थित के अ माध्यमिक विद्यालयको कोठामा सीमित रहेको मधेश कृषि विश्वविद्यालयमा गत मंसिर २१ गते उपकुलपति(भीसी)मा डा.वैद्यनाथ महतोलाई नियुक्त गरी २७ गते उद्घाटन गरिएको थियो ।असार महिनामा डा.श्रीभगवान ठाकुरलाई नियुक्त गरिएको बताइएको छ ।

ठाकुर नियुक्तिका लागि प्रदेश सरकारले सार्वजनिक रुपमा विज्ञापन गरेको थिएन् ।चुनावको आचारसंहिता लागु भइसकेपछि पछिल्लो मितिमा ठाकुरलाई नियुक्त गरिएको आरोप लाग्दै आएको छ ।

विश्वविद्यालयमा रेक्टर (शिक्षाध्यक्ष) को पद रिक्त रहेको छ ।कुनै प्राध्यापक नियुक्त भएका छैनन् ।कक्षा सञ्चालन हुने स्थान समेतको टुंगो नलागेको अवस्थामा विद्यार्थीको भर्ना आह्वान गरिएको छ ।

विश्वविद्यालयको आर्थिक र प्रशासनिक काम गर्ने कुनै कर्मचारी बहाल भएको छैन् ।हुनत भीसी महतोले दुई जना कर्मचारी नियुक्त भएको बताए पनि उनीहरुको पद र नाम बताउन मानेनन् ।विश्वविद्यालयले कर्मचारी भर्नाका लागि समेत कुनै विज्ञापन गरेको देखिदैन् ।

विश्वविद्यालयका कर्मचारीहरुको विवरण वेभसाइटमा समेत राखिएको छैन् ।गोप्य रुपमा नियुक्त भएका रजिष्ट्रार ठाकुरसित सम्पर्क हुन सकेन् ।




मधेश प्रदेश सरकारले विश्वविद्यालय स्थापना गरी अध्यनअध्यापनको काम समेत प्रारम्भ भइसकेको प्रचार गरी चुनावमा मतदाताहरुको सहानुभूति पाउने भ्रमपूर्ण प्रचारबाजी गरेको आरोप लगाइएको छ ।

विद्यालय भवनमा कार्यालय राखिएको विश्वविद्यालयले कक्षा सञ्चालन गर्ने स्थल, अध्यापन गराउने प्राध्यापक, विद्यार्थी छनोट गर्ने विज्ञ लगायतको समेत व्यवस्था नगरी अनलाईनबाट मंसिर २८ गते सम्म आवेदन आह्वान गरिएको छ ।

मधेश सरकारले मधेश कृषि विश्वविद्यालयको चरम दुरुपयोग गरेको आरोप राजविराज नगरपालिका ५ बस्ने शोभित सिंहले लगाए ।'विश्वविद्यालयको आन्तरिक संरचना समेत तयार भइनसकेको अवस्थामा सोझै विद्यार्थी भर्ना गर्नु हास्यास्पद हो' उनले भने, विश्वविद्यालयको सुरुवात नै विवादास्पद र हास्यास्पद भएकाले निरन्तर सञ्चालन प्रक्रिया जटिल हुन सक्छ ।

'विश्वविद्यालयको सबै गतिविधिहरु पारदर्शी हुनुपर्नेमा सबै गोप्य र शंकास्पद रुपमा गरिँदैछ' उनले भने, मतदानलाई प्रभावित गर्ने गरी भएको प्रचारबाजीलाई मतदाताहरुले बुझेका छन् ।

प्राविधिक कक्षा सञ्चालन गर्न भौतिक पूर्वाधार लगायतका व्यवस्थापनहरु हुनु आवश्यक रहेको निवर्तमान प्राध्यापक परमेश्वर कापडी बताउँछन् ।'विद्यालयको कक्षा कोठामा विश्वविद्यालयले सञ्चालन गर्ने कक्षा संभव छैन् ' उनले भने, विद्यार्थी भर्ना भन्दा कक्षा कोठा, प्राध्यापक, प्रशासनिक र लेखा कर्मचारीहरुको व्यवस्थापन आवश्यक छ ।

बीएस्सी एजी रामपुर कृषि कलेजमा सञ्चालन हुँदै आएको छ ।चारवर्षे कोर्ष लागु भएदेखि अनर्स हटिसकेको छ ।नेपालको अन्य कुनै विश्वविद्यालयमा अनर्स छैन् ।

मधेश विश्वविद्यालयले सञ्चालन गर्ने कोर्ष अन्य कलेज र विश्वविद्यालयको भन्दा फरक हुनुपर्ने कापडीको कथन छ ।आवश्यक तयारी पूरा नगरी विद्यार्थी भर्नाको विज्ञापन गर्न नहुने उनले बताए ।

राष्ट्रिय योजना आयोगका सदस्य समेत रहेका प्राध्यापक डा.सुरेन्द्र लाभले मूल नियम भित्र रहेर नियमावली बनाउन विश्वविद्यालयको प्राज्ञिक सभाले निर्णय गर्नुपर्ने बताउँछन् ।'विश्वविद्यालयले सञ्चालन गर्ने फेकेल्टीकालागि पनि प्राज्ञिक सभाले निर्णय गर्नुपर्छ' उनले भने, हचुवाको भरमा सोझै विद्यार्थीको नामांकनका लागि आवेदन आह्वान गर्नु शिक्षामा खेलवाड हो ।

मधेश कृषि विश्वविद्यालय स्थापना भए पनि त्यसको कार्यकारी सदस्यहरुको नियुक्ति भएको छैन् ।प्राज्ञिक सभा गठन नभए सम्म विश्वविद्यालयको गतिविधि नै अगाडि बढन सक्दैन् ।प्रदेश सरकारले गठन गरेको विश्वविद्यालयको कुलपति मुख्यमन्त्री रहने व्यवस्था ऐनमा छ ।

शिक्षण संस्थाको मापदण्ड र रित नपुऱ्याइ दिने डिग्रीले विद्यार्थीको भविष्य अन्धकारमय हुन सक्ने उनले चिन्ता व्यक्त गरे ।मधेश सरकारले मधेश कृषि विश्वविद्यालय राजविराजमा र मधेश विश्वविद्यालय वीरगञ्जमा खडा गरेको छ ।मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुरधाममा स्थापना गरेको छ ।तर तिनै विश्वविद्यालयको भविष्य अनिश्चित बनेको छ ।

## धनुषा ३ मा झालाई घेर्न जग्गाको मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम ।धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभाकालागि सत्तारुढ गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उम्मेदवार अनिल कुमार झालाई विपक्षी उम्मेदवारहरुले जग्गाको मुद्दा उठाएका छन् ।

झाले गठन गरेको गजेन्द्रनारायण सिंह प्रतिष्ठानको नाममा जनकपुरधाम उपमहानगरपालिकाको बेला कुट्टी अन्तरगतको पाँच बिघा जमिनमा घेरा हालेर अतिक्रमण गर्न थालेको आरोप विपक्षी दलका उम्मेदवार हरुले लगाउन थालेका छन् ।

मधेश प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास राज्यमन्त्री रहेकी स्व.डिम्पल झाको प्रदेशसभा संसदीय कोषको रकम सो जग्गामा पर्खाल लगाउन खर्च गरिएको आरोप विपक्षी दलकी उम्मेदवार जुली महतोको घरदैलो कार्यक्रममा लगाइएको छ ।

वडा नम्बर २३ बिन्धीमा घरदैलोको क्रममा एमाले जसपा गठबन्धनको घरदैलो क्रममा मन्दिरको जग्गा हत्याउन झाले चाहेको तर तत्कालीन उपमहानगर प्रमुख लालकिशोर साहले रोकेको मतदाताहरुलाई जनाउ दिइएको प्रत्यक्षदर्शीहरुले बताए ।

झाले प्रतिष्ठानको नाममा गुठी संस्थानबाट बहाल(लिज)मा लिएका उनका सहयोगीहरुले जनाएका छन् ।गुठी संस्थानको जग्गा धेरैले लिजमा लिएर सामाजिक मात्र नभै निजी काम समेत गरिरहेको उनीहरुले प्रष्ट गरेका छन् । क्षेत्र नम्बर ३ मा प्रतिनिधि सभाका लागि भिडेका दुबै गठबन्धनका उम्मेदवारहरु बाहिरका छन् ।ई.सत्यनारायण साह र नेपाल पत्रकार महासंघ धनुषाका पूर्व सभापति उमेश साह प्रभावशाली स्वतन्त्र उम्मेदवार छन् ।जनमतबाट ई.शम्भु साह पनि प्रतिस्पर्धी रहेका छन् ।










# उम्मेदवारलाई मतदाता भेट्न भ्याइनभ्याइ

महोत्तरी । प्रतिनिधिसभा तथा प्रदेशसभासदस्यनिर्वाचनकोमतदान नजिकिँदैछ । जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रसमेत सम्मिलित महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रका उम्मेदवारलाई अहिले मतदाता भेट्न भ्याइनभ्याइ छ ।



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लाल र जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य हरिनारायण यादवसहित २१ प्रतिनिधिसभाका उम्मेदवार हुनुहुन्छ ।

संयोग नै भन्नुपर्छ, ठाकुर, लाल र यादवले विगतमा नेपाली कांग्रेसबाट राजनीति प्रारम्भ गर्नुभएको थियो । तत्कालीन पञ्चायतकालमै कांग्रेसमा आवद्ध रही प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा लामो योगदान दिनुभएका यी तीनै नेता २०६२/६३ को मधेस आन्दोलनपछि तत्कालीन तमलोपा र मधेसी जनअधिकार फोरममा आवद्ध हुनुभयो । ठाकुर र लाल तमलोपामा र यादवले तत्कालीन फोरमबाट नयाँ राजनीति यात्रा सुरु गर्नुभएको थियो । यादव विसं २०६४ को पहिलो संविधानसभामा जिल्लाको तत्कालीन क्षेत्र नं २ बाट निर्वाचित हुनुभएको थियो । २०७७ सालमा उपेन्द्र यादव नेतृत्वको सङ्घीय समाजवादी पार्टी र तमलोपा एकीकरण हुँदा तीनैजना एउटै दलमा आवद्ध हुन पुग्नुभयो । तर यो एकीकरण एक वर्ष नपुग्दै २०७८ मा पुनः विभाजन आएको थियो । २०७४ सालको निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी पार्टी गठबन्धनमा चुनाव लड्दा लाल र यादव अध्यक्ष ठाकुरका सहयोगी हुनुहुन्थ्यो । अहिले तिनै पूर्वसहयोद्धा र सहयोगी अध्यक्ष ठाकुरका यसपटकका मुख्य प्रतिष्पर्धीमा उत्रिएका छन् ।

"उम्मेदवार त २१ जना हुनुहुन्छ, सबै जनताकै बीच देखिनुहुन्छ", जलेश्वरवासी मनोज झा भन्नुहुन्छ, "तर अहिलेसम्मको जनप्रतिक्रिया हेर्दा ठाकुर, यादव र लालको बढी चर्चा सुनिन्छ । ठाकुर यसअघि २०७४ को निर्वाचनमा यसै क्षेत्रबाट निकटतम् तत्कालीन वाम गठबन्धनका प्रतिष्पर्धीभन्दा झण्डै तेब्बर मत बढी पाएर प्रतिनिधिसभामा विजयी हुनुभएको थियो । खासमा अहिलेको आसन्न निर्वाचन परिणाम जसको पक्षमा आए पनि क्षेत्रको चर्चा भने ठाकुरको उम्मेदवारीले बढाएको कुरा सामान्यतया यहाँ सबैले स्वीकार्छन् ।

यसपालि दोस्रोपटक यो क्षेत्रबाट उम्मेदवार बन्नुभएका ठाकुरले २०७४ को निर्वाचनमा आफ्ना निकटका सहयोगी जसपा नेपालका केन्द्रीय सदस्य हरिनारायण यादवसँग कडा टक्कर लिनुपर्ने आकलन धेरैले गर्दछन् । २०७४ मा वाम गठबन्धनबाट एमालेका उम्मेदवारलाई करिब तेब्बर मतले पछि पार्दै विजयी हुनुभएका ठाकुर यसपालि भने आफ्ना यसअघिका सहयोगीसँगको प्रतिस्पर्धाले ढुक्क हुने स्थिति भने नरहेको कतिपयको अड्कल छ । ठाकुरका सहयोगी फेरिएका छन् । कांग्रेसले त २०७४ मा पनि उहाँको समर्थन गरेको थियो, त्यो यसपालि पनि सत्ता गठबन्धनमार्फत कायम छ । गठबन्धनमार्फत नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ठाकुरका नयाँ सहयोगी बनेका छन् ।

यसअघि २०७४ मा फराकिलो अन्तरको विजय, राष्ट्रिय व्यक्तित्व र सत्ता गठबन्धनका साथ ठाकुरको अहिलेको जितका लागि मुख्य आधार लोसपाका नेता-कार्यकर्ताले मान्दै आएका छन् । "उहाँ निष्कलङ्क छविका शीर्षनेता हुनुहुन्छ, जनताले साथ दिनेछन्", मटिहानी-७ का चन्देश्वर साह भन्नुहुन्छ ।

निर्वाचन अभियानमा अहिले सघनरूपले मतदातासँगको भेटघाटमा रहनुभएका ठाकुर पनि आफूप्रति २०७४ भन्दा बढी जनताको स्नेह पाएको बताउनुहुन्छ । "म, मेरो दल र हामी आवद्ध गठबन्धन निर्वाचन परिणामबारे संशयमा छैनौं, जितप्रति ढुक्क छौं", उहाँले भन्नुभयो, "जनताको अपार समर्थन हामीसँग छ ।" महोत्तरीका जनताले संविधानको पुनर्लेखनको मुद्दा सम्बोधनका लागि पनि आफूलाई साथ दिने ठाकुरको विश्वास छ ।

जसपाका केन्द्रीय सदस्य यादवलाई नेकपा (एमाले) को साथ छ । एमाले-जसपा गठबन्धनका उम्मेदवार यादव अहिले दिनरात नभनी जनसम्पर्कमा हुनुहुन्छ । सञ्चारकर्मीसँगको कुराकानीमा यादवले आफ्नो दल र एमाले क्षेत्रका मुख्य जनआधार भएका पार्टी भएको हुँदा आसन्न निर्वाचनको परिणाम आफ्नो पक्षमा आउने दाबी गर्नुभयो । उहाँ भन्नुहुन्छ, "अहिले जनताले लयबाट व्यक्त गर्दैछन्, हेर्नुहोला, मङ्सिर ४ गते मतबाट अभिव्यक्त हुनेछ ।"

यसैगरी तमलोपाका अध्यक्ष लाल पनि जनताको समर्थन पाइरहेको बताउनुहुन्छ । क्षेत्रमा जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीसहितका दलका उम्मेदवार पनि सघनरूपले चुनावी अभियानमा जुटेका देखिन्छ । यस क्षेत्रमा प्रतिनिधिसभा सदस्य पदमा दलका अतिरिक्त १० जना स्वतन्त्र उम्मेदवार हुनुहुन्छ ।

क्षेत्रमा निर्वाचन प्रयोजनको सभा, सम्मेलन खुला प्रचार अभियानको अवधि केही दिनमात्र बाँकी छँदा चुनावी प्रचार उत्कर्षमा देखिँदो छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुरुप १७ कात्तिकदेखि मङ्सिर १ गतेसम्मको खुला प्रचार अवधि अब आजबाहेक दुई दिनमात्र बाँकी छँदा यहाँका बस्ती-बस्तीमा दल र उम्मेदवारको सघन आउजाउ बढ्दो छ ।

क्षेत्रका बस्ती-बस्तीमा दल र उम्मेदवारका निर्वाचन चिह्नका प्रचार गीत र नाराका स्वर जताततै सुनिन्छन् । दल र उम्मेदवारले समूहमा घरदैलो र बस्ती-बस्तीमा कोणसभाका कार्यक्रम सम्पन्न गर्दैछन् । प्रतिनिधिसभा क्षेत्रभित्रका दुई प्रदेशसभा क्षेत्रमध्ये प्रदेशसभा (१) र (२) मा क्रमशः सत्ता गठबन्धनबाट लोसपाकै अभिराम शर्मा र रानी शर्मा तिवारी उम्मेदवार हुनुहुन्छ । एमाले जसपा गठबन्धनबाट भने (१) बाट जसपाका दीपेन्द्र झा र (२) बाट एमालेका पोलिटब्यूरो सदस्य रामदयाल मण्डल उम्मेदवार हुनुहुन्छ ।

प्रदेशसभा क्षेत्र (१) मा एक महिलासहित १२ उम्मेदवार छन् । जसमा आठ स्वतन्त्र हुन् । त्यसैगरी प्रदेशसभा क्षेत्र (२) मा २६ जना उम्मेदवार छन् । जसमा एक महिला हुनुहुन्छ । स्वतन्त्र उम्मेदवारको सङ्ख्या १७ रहेको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले बताउनुभयो ।

यसपटक महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रमा ९९ हजार नौ सय ३० मतदाता कायम छन् । महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रभित्र ७८ मतदानस्थलमा एक सय २९ मतदान केन्द्र रहेका मुख्य निर्वाचन अधिकृत सेनले जानकारी दिनुभयो । अहिले सबै मतदान केन्द्रका लागि कर्मचारी (जनशक्ति) नियुक्ती गरी तालिम दिएर सम्बन्धित मतदान केन्द्र खटाइ पठाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।रासस

# पर्सामा उम्मेदवारले गरे प्रचारप्रसार तीव्र

पर्सा । निर्वाचनको मिति नजिकिएसँगै पर्सा जिल्लामा चुनावी प्रसारप्रसारलाई उम्मेदवारले तीव्र पारेका छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि पाँच दिन बाँकी रहँदा मतदातालाई आ-आफनो पक्षमा मतदान गर्न अनुरोध गर्दै उम्मेदवारले घरदैलो तथा कोणसभालाई तीव्रता दिएका हुन् ।



निर्वाचनका लागि जिल्लामा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी माक्सवादी(पुष्पलाल), लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल, नेपाल कम्युनिष्ट पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदूर किसान पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल जनता पार्टी, नेपाल सुशान पार्टीलगायत स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका हुन् । राजनीतिकरूपमा महत्वपूर्ण मानिएको यस जिल्लामा चार प्रतिनिधिसभा सदस्यका लागि ४९ र आठ प्रदेशसभा सदस्यका लागि एक सय गरी कूल एक सय ४९ जनाले उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी क्षेत्र नं ४ मा र सबैभन्दा कम क्षेत्र नं १ मा मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रञ्जीता झाले जानकारी दिनुभयो । उहाँले निर्वाचन क्षेत्र नं १ मा ४४ हजार ९९ पुरुष, ३३ हजार पाँच सय ७८ महिला र दुई अन्य गरी कूल ७७ हजार छ सय ७९ मतदाता रहेका र क्षेत्र नं २ मा ४९ हजार ७५ पुरुष, ३७ हजार आठ सय ८७ महिला र चार अन्य मतदता रहेको बताउनुभयो ।

त्यसैगरी क्षेत्र नं ३ मा ५१ हजार तीन सय ६६ पुरुष, ३९ हजार ६२ हजार महिला र चार अन्य गरी कूल ९० हजार चार सय ३२ मतदाता रहेका छन् भने क्षेत्र नं ४ मा ५० हजार तीन सय ६४ पुरुष, ४० हजार चार सय ८१ महिला र चार अन्य गरी ९० हजार आठ सय ५१ मतदाता रहेको प्रमुख झाको भनाइ छ । चार प्रतिनिधिसभा सदस्य तथा ८ प्रदेश सभासदस्यका लागि कूल एक सय ६७ मतदानस्थल र चार सय १२ वटा मतदान केन्द्र रहेको छ ।

निर्वचन क्षेत्र नं १ मा सबैभन्दा बढी २० जनाले उम्मेदवारी दर्ता गराएका छ भने सबैभन्दा कम क्षेत्र नं ४ मा मात्र नौ जनाले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत विनोद पोखरेलले जानकारी दिनुभयो । उहाँले क्षेत्र नं २ र ३ मा १०/१० जना गरी कूल ४९ जनाले उम्मेदवारी दर्ता गराएकामा दलका तर्फबाट २७ र स्वतन्त्र उम्मेदवार २२ छन् । प्रतिनिधि सभामा सबैभन्दा बढी उम्मेदवारी दर्ता भएको निर्वाचन क्षेत्र नं १ मा एमालेसँगको गठबन्धनबाट जसपाका प्रदीप यादव र स्वतन्त्र उम्मेदवार अजयकुमार द्विवेदीबीच प्रतिस्प्रर्धा हुने देखिन्छ ।

नेपाली कांग्रेसका पूर्वजिल्ला सभापति द्विवेदीलाई पार्टीले टिकट नदिएपछि उहाँले स्वतन्त्र उम्मेदवरी दिनुभएको छ भने कांग्रेससहितको पाँच दलीय गठबन्धनबाट क्षेत्र नं १ मा लोसपाका नेता लक्ष्मणलाल कर्ण उम्मेदवार बन्नुभएको छ । क्षेत्र नं २ मा नेपाली कांग्रेससहितको पाँच दिलीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसिया र एमालेसँगको गठबन्धनका उम्मेदावर जसपा नेता सुरेन्द्रप्रसाद कुर्मीबीच प्रतिस्पर्धा हुने देखिन्छ । गत निर्वाचनमा श्रीवास्तावले २१ हजार एक सय ६९ मत ल्याउनुभएकामा चौरसियाले १९ हजार सात सय चार मत पाउनुभएको थियो ।

त्यसै निर्वाचन क्षेत्र नं ३ मा सम्पन्न गत आम निर्वाचनमा फोरमका उम्मेदवार हरिनारायण रौनियारले नेपाली कांग्रेसका सुरेन्द्र चौधरिलाई एक हजार तीन सयभन्दा बढी मतले पराजित गर्नुभएको थियो । रौनियारले १५ हजार एक सय ६८ मत ल्याउनुभएकामा चौधरीले तेह्र हजार आठ सय एक मत ल्याउनुभएको थियो। क्षेत्र नं ४ मा फोरमका उम्मेदवार लक्ष्मणलाल कर्णले नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजालाई छ हजार भन्दाबढी मतले पराजित गर्नुभएको थियो ।

गत निर्वाचनमा कर्णले २० हजार सात सय ३८ मत ल्याउनुभएकामा उहाँका निकटम प्रतिद्वन्द्वी रिजालले १४ हजार सात सय दुई मत प्राप्त गर्नुभएको थियो । कर्णले यसपाली नेपाली कांग्रेससहितको पाँच दलीय गठबन्धबाट निर्वाचन क्षेत्र नं १ बाट लोकतान्त्रिक समाजवादी पार्टी नेपालको टिकटबाट उम्मेदवारी दिनुभएको हो ।

जिल्लामा उम्मेदवारी दर्ता गाएकामध्ये स्वतन्त्र उम्मेदारको सङ्ख्या ५६ प्रतिशत छ भने केही स्थानमा दलका उम्मेदवारसँग स्वतन्त्र उम्मेदवारकै मुख्य प्रतिस्प्रर्धा हुने देखिन्छ । पर्साको १२ पदका लागि जम्मा तीन महिला उम्मेदवारले आफनो उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा सदस्यका लागि दलका तर्फबाट दुई र एक स्वतन्त्र महिला उम्मेदवार उम्मेदवार रहेका छन् ।रासस

# समाचार विश्वसनीय र निष्पक्ष हुनपर्छ : प्रा खरेल

काठमाण्डु । आमसञ्चार तथा पत्रकारिताका प्राध्यापक परशुराम (पी) खरेलले समाचार विश्वसनीय र निष्पक्ष हुनुपर्ने बताउनुभएको छ । उहाँको ७० औँ जन्मजयन्तीका अवसरमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पत्रकारिता तथा आमसञ्चार विभागअन्तर्गतको रत्नराज्य लक्ष्मी क्याम्पसले आयोजना गरेको 'पी खरेल पत्रकारितामा पाँच दशक' कार्यक्रममा प्रा खरेलले समाचार लेखनका क्रममा विश्वसनीयता र निष्पक्षतालाई ख्याल गर्नुपर्ने बताउनुभएको हो ।

उहाँले आफ्नो पाँच दशक लामो पत्रकारिताको अनुभवमा नेपालको पत्रकारिताले ठूलो परिवर्तन गरेको छ भन्नुभयो । विसं २०४६ सालपछि पत्रकारितामा व्याख्यात्मक शैलीका समाचार सम्प्रेषण हुन थाले पनि समाचारमा पृष्ठभूमि बढी र समाचार उठान भने कमजोर रहेको प्रा खरेलको भनाइ थियो ।

विश्वका सम्पन्न मुलुक अमेरिका र युरोपमा ४५ प्रतिशत जनताले मात्र पत्रकारिताप्रति विश्वास गर्ने गरेको बताउँदै उहाँले यो दरलाई अझ वृद्धि गर्नेगरी पत्रकारितालाई विश्वसनीय ढङ्गले अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । चौबिस वर्षसम्म क्रियाशील पत्रकारिता गर्नुभएका प्रा खरेलले पछिल्लो समय विभिन्न समसामयिक विषयमा लेख लेख्दै आउनुभएको छ । पहिलोपटक विसं २०३० साल राइजिङ नेपाल पत्रिकामा लेख छाप्नुभएका उहाँले हाल वार्षिक ७५ देखि एक सयसम्म लेख लेख्ने गर्नुभएको र यसबाट रु सवा करोडभन्दा बढी आम्दानी गरेको बताउनुभयो ।

पत्रकारितामा लगानी कम रहेको सञ्चारमाध्यमका मालिकहरू आफू पजेरो चढ्ने तर श्रमजीवी पत्रकारलाई समयमा तलब नदिने प्रवृत्ति देखिएकामा प्रा खरेलले चिन्ता व्यक्त गर्नुभयो ।

वरिष्ठ पत्रकार किशोर नेपालले नेपाल र दक्षिण एसियाको पत्रकारिताको विकासमा प्रा खरेलको महत्वपूर्ण योगदान रहनाका साथै लेखन र अनुसन्धान गर्ने तरिका सन्तुलित भएको बताउनुभयो । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति एवम् वरिष्ठ फोटो पत्रकार गोपाल चित्रकारले प्रा खरेल आफ्नो पत्रकारिताको सल्लाहकार भएको बताउनुभयो ।

उक्त क्याम्पसका विभागीय प्रमुख श्रीराम पौडेलले प्रा खरेलको पत्रकारिताको अनुभवबाट नयाँ पुस्ताले पाठ सिक्नुपर्नेमा जोड दिनुभयो । क्याम्पस प्रमुख प्राडा जीवनधर ज्ञवालीले प्रा खरेललाई सम्मानसहित जन्मदिनको शुभकामना व्यक्त गर्नुभएको थियो ।रासस

# डेङ्गु सङ्क्रमणका कारण ६ जनाको मृत्यु

चितवन । जिल्लामा साउन यता उपचारका लागि आएका ६ जनाको डेङ्गु रोगको सङ्क्रमणका कारण मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्ला र जिल्लाबाहिरका रहेको स्वास्थ्य कार्यालय चितवनले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार हालसम्म १० हजार नौ सय ७४ जनाको परीक्षण गरिएकामा दुई हजार नौ सय ४९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । सङ्क्रमितमध्ये २० हजार ५० जना चितवनका हुन् भने अन्य बाहिरी जिल्लाका रहेका छन् । ठेगाना नखुलेका दुई सय ९१ र ठेगाना खुलेका ६ सय आठजना रहेको कार्यालयले जनाएको छ ।

जिल्लामा सबैभन्दा बढी डेङ्गु रोगको सङ्क्रमण भरतपुर महानगरपालिकामा देखिएको छ । जहाँ एक हजार चार सय ५० जनामा डेङ्गु रोग देखिएको केसीले बताउनुभयो । उहाँका अनुसार खैरहनी नगरपालिकामा एक सय ६४, माडी नगरपालिकामा ३५, रत्ननगर नगरपालिकामा दुई सय ४३ जनामा डेङ्गु रोग देखिएको थियो ।

यस्तै राप्ती नगरपालिकामा ९६, कालिका नगरपालिकामा ४८ र इच्छाकामना गाउँपलिकामा १४ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । कार्यालयका अनुसार जिल्लामा भेटिएका सङ्क्रमितमध्ये एक हजार एक सय ३६ पुरुष र नौ सय १४ जना महिलामा डेङ्गु रोगको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो ।रासस

# मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्न निर्देशन

काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन दिने निर्णय गरेको छ । मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनको निम्ति प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमा समेत छलफल गराई आयोगले सार्वजनिक आह्वान र अनुरोध गरेको हो ।

आयोगले मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने निर्देशन दिएको छ ।रासस

## मोटरसाईकल हरायो

मेरो नाममा दर्ता रहेको प्रदेश २ ०२-००३ प ८९७३ नम्बरको कालो रंगको च्याचिस नम्बर ME1RE3541M0028613 ईञ्जिन नम्बर E31EE 0150891 १२५ सीसीको यामाहा कम्पनीको सलुटो मोटरसाइकल मिति २०७९/०७/१० गते जि.महोत्तरी मनरासिसवा नपा-४ साढा टोल स्थित मेरो निजी गाईगोठमा पार्किंगमा राखिएको अवस्थामा राती (समय अज्ञात) मा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ ।

**सवारी धनीको नामः निरञ्जन साह**
**ठेगानाःजि.म.मनरासिसवा नपा-४**
**सम्पर्क नं. : ९८६१६५४९६४**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अवैधरूपमा भित्र्याइएको माछा नष्ट

भरतपुर । भारतबाट अवैधरूपमा नेपाल भित्र्याइएको अस्वस्थकर माछा चितवनमा नष्ट गरिएको छ । नवलपरासीको बर्दघाटबाट काठमाडौँ लैजाँदै गरेको अवस्थामा पङ्गासियस जातका माछा कृषकले सशस्त्र प्रहरी बलको सहयोगमा नियन्त्रणमा लिएर सोमबार नष्ट गरेका हुन् । लु३च ३३३६ नंको योद्धा पिकअप गाडीमा ५० वटा कार्टुनमा राखिएका दुई हजार किलो माछा चितवनको रामनगरमा नियन्त्रणमा लिएर नष्ट गरिएको छ ।

नष्ट गरिएको माछाको बजार मूल्य करिब रु चार लाख हुने जनाइएको छ । कागजपत्र र अवस्था हेर्दा नेपाली बिलमा भारतीय माछा ल्याएको पुष्टि भएपछि माछा नष्ट गरिएको मत्स्य व्यवसायी सङ्घ चितवनका अध्यक्ष खगेन्द्र सुवेदीले जानकारी दिनुभयो । नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिका-२ का २३ वर्षीय विवेककुमार तेलीले अवैधरूपमा माछा भित्र्याएर नेपाली गाडीमा काठमाडौँ लैजाँदै गरेका व्यवसायीको भनाइ छ ।

चितवनका व्यवसायीले गत असोज १ गतेदेखि नियमित अनुगमन गर्दै आएका छन् । सोही क्रममा तेस्रोपटक अवैध माछा नियन्त्रणमा लिइएको हो । भारतीय तथा अवैध माछाको आयातमा रोक लगाउने भनेर सम्बन्धित पक्षबीच छलफल चलाएर निर्णय नै गरिसक्दासमेत आउने क्रम नरोकिएपछि मत्स्य व्यवसायीले अनुगमनलाई जारी राखेका छन् । चितवनमा वार्षिक करिब छ हजार पाँच सय टन माछा उत्पादन हुँदै आएको सङ्घले जनाएको छ ।

**क्रसर उद्योग बन्द गर्न निर्देशन**

भरतपुर महानगरपालिकाले नारायणगढ-मुग्लिन सडकखण्डको भोर्लेमा सञ्चालनमा रहेको क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको छ । सोमबार स्थलगत अनुगमनमा गएको महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी नेतृत्वको टोलीले भरतपुर महानगरपालिका-२९ भोर्लेमा सञ्चालनमा रहेको क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको हो । क्रसर उद्योग नवीकरण नगरी सञ्चालन गरेका कारण बन्द गर्न निर्देशन दिइएको उपप्रमुख अधिकारीले जानकारी दिनुभयो । "नारायणगढ-मुग्लिन सडकखण्ड निर्माणको क्रममा सञ्चालनमा आएको क्रसर उद्योग अहिले पनि सञ्चालनमा रहेको भेटियो", उहाँले भन्नुभयो, "आवश्यक कागजातको प्रक्रिया नपुर्‍याएसम्म बन्द गर्न निर्देशन दिएका छौँ ।"

उहाँले महानगरपालिकाले नदीजन्य पदार्थ उत्खननका लागि इआइए गरेर बोलपत्रमार्फत प्रक्रिया अघि बढाउने तयारीमा रहेको जानकारी दिनुभयो । "कुन-कुन ठाउँको नदीजन्य पदार्थ निकाल्न सकिन्छ भनेर नै स्थलगत अनुगमनमा गएका हौँ, इआइएपछि मात्रै सम्पूर्ण प्रक्रिया सुरु हुन्छ", उहाँले भन्नुभयो । महानगरपालिकाभित्र उद्योग तथा कलकारखाना बिनादर्ता र नवीकरण नगरी सञ्चालन गर्न नपाउने जनाउँदै उपप्रमुख अधिकारीले राजस्व छल्ने अधिकार कसैलाई नभएको स्पष्ट पार्नुभयो ।रासस

# दुई दिन सार्वजनिक बिदा दिने सरकारको निर्णय

काठमाण्डु । सरकारले आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि सरकारी कार्यालय तथा सार्वजनिक निकायमा दुई दिन बिदा दिने भएको छ ।

गृह मन्त्रालयले मंगलबार एक सूचनामार्फत आगामी मङ्सिर ४ र ५ गते सरकारी कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको जानकारी दिएको छ । मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलद्वारा प्रकाशित उक्त सूचनामा मतदानस्थल रहेका शिक्षण संस्था वा विद्यालयमा भने मङ्सिर २ देखि ५ गतेसम्म विदा दिइएको छ ।

निर्वाचन आयोगले यसअघि नै निर्वाचनमा बढीभन्दा बढी सहभागिता रहोस् भनेर सार्वजनिक बिदा दिन सरकारलाई आग्रह गरेको थियो ।

यसैबीच त्रिभुवन विश्वविद्यालयले पनि आगामी मङ्सिर १ देखि ५ गतेसम्म विश्वविद्यालयका सबै क्याम्पस र कार्यालयमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ । विश्वविद्यालयका अधिकांश क्याम्पसमा मतदान केन्द्र राखिएको छ ।

कतिपय क्याम्पसमा मतगणना केन्द्रसमेत राखिएको हुँदा विश्वविद्यालयका दैनिक काम कारबाहीमा असर पुग्ने देखिएकाले विदा दिने निर्णय गरिएको विश्वविद्यालयसूचनातथाजनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिनुभयो ।

यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले पनि मतदानका दिन आन्तरिक उडानतर्फ नियमित उडान नहुने जनाएको छ । सो कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार आन्तरिकतर्फका नियमित उडान हुनेछैन । यद्यपि चार्टर उडान भने हुनेछ ।रासस

# चार खेल जित्दै धनुषा फाइनलमा



**टुडे समाचारदाता**

जनकपुरधाम । रौतहटको गौरमा जारी अण्डर-१९ प्रदेश स्तरीय क्रिकेट प्रतियोगितामा धनुषा क्रिकेट टीम लगातार चार खेल जित्दै फाइनलमा प्रवेश गरेको छ ।

मंगलबार भएको सेमिफाइनल खेलमा पर्सा क्रिकेट टीमलाई सात विकेटले हराउँदै धनुषा फाइनलको यात्रा गरेको हो ।

टस जितेर पहिलो ब्याटिङ रोजेको पर्साले निर्धारित ओभर खेल्न सकेनन् । पर्साका खेलाडीहरुले ३२ ओभर ५ बल खेल्दै सबै विकेट गुमाएर १२२ रनको लक्ष्य धनुषा क्रिकेट टीम समक्ष प्रस्तुत गरेको थियो । सो लक्ष्य धनुषाले ३२ ओभर ४ बलमा तीन विकेट गुमाएर पूरा गरेको थियो ।

धनुषाका लागि म्यान यादवले सार्वधिक ८४ बलमा ५५ रनको योगदान दिए । उनले चार चौका र चार छक्का प्रहार गरेका थिए ।

खेलको म्यान अफ द म्याच पनि म्यान यादव नै घोषित भए । उनले ५५ रन बनाउनुको साथै आठ ओभरमा ३० रन खर्चेर चार विकेट लिएका थिए । उनी यसअघि सिरहासंग भएको खेलमा पनि राम्रो प्रदर्शन गर्दै उत्कृष्ट खेलाडी सावित भएका थिए ।

धनुषाको तर्फबाट ब्याटिङ गर्दै चन्दनकुमार यादवले ८९ बलमा २६ रन र अकबर अलिले १५ बलमा १६ रनको योगदान दिए ।

पर्साको लागि बलिङ गर्दै वियासले दुई र रोहनले एक विकेट लिए । पर्साको लागि ब्याटिङ गरेका वियास र समिर बाहेक अन्य ब्याटस म्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

पर्साको खेलाडीहरु कमजोर देखिएका छन् । फाइनल खेलमा महोत्तरी र धनुषाबीच भीडन्त हुने भएको छ । धनुषाले पहिलो खेलमै महोत्तरीलाई पराजित गरेका थिए ।

# महोत्तरीबाट सात जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन बहिष्कार गर्ने गतिविधि गरेको आरोपमा सात जना पक्राउ परेका छन् ।

उनीहरु बलवा नगरपालिका ७ बनौटाबाट पक्राउ परेका छन् ।

निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा ७ जनालाई पक्राउ गरिएको महोत्तरीको प्रहरी नायव उपरीक्षक संतोष पोखरेलले जानकारी दिए ।

उनीहरु मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी पार्टीका नेता तथा कार्यकर्ता छन् ।

पार्टीका केन्द्रीय सदस्य वीरेन्द्र यादव, राजेश्वर यादवल गायतका ६ जना र गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

उनीहरुले चुनाव विरोधी पर्चा तथा माइकिङ सामग्री वितरण गरिरहेका थिए । उनीहरु चढेको ज १ च ११७१ नम्बरको टाटा सुमो पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

# उद्यमको सोच ल्याउनेलाई आइडिया स्टुडियोले सहयोग गर्ने

काठमाण्डु । 'सोचदेखि उद्योगसम्म' नाराका साथ उद्यमको दृष्टिकोण राख्ने व्यक्तिलाई आइडिया स्टुडियोले लगानीको वातावरण बनाइदिने भएको छ । आइडिया स्टुडियोले यसका लागि उद्यमको सोच ल्याउन आजदेखि सिजन ७ सुरु गरेको छ । यसका लागि स्टुडियोको वेबसाइटमा गएर फर्म भर्न सकिने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको छ । आजदेखि पुस मसान्तसम्म फर्म भर्न सकिने जनाइएको छ । आइडिया स्टुडियोको सिजन ६ सम्म तीन हजार उद्यमका सोच आएको कार्यकारी अध्यक्ष छिरिङ लामाले बताउनुभयो ।

तीन हजार सोचमध्येबाट आठसयलाई मार्ग निर्देश गरिएको छ, तीमध्ये धैरैले अहिले स्वरोजगार गरी १० जनादेखि दुईसय जनासम्मलाई रोजगारी दिएका छन्, यी उद्योगमा रु पाँच लाखदेखि रु १३ करोडसम्मको लगानी छ, यसका लागि हामीले गैर नाफामूलक कम्पनीका रुपमा काम गरेका छौँ', उहाँले भन्नुभयो ।

स्टुडियोले ज्ञानका लागि राष्ट्रिय केन्द्र स्थापनाको पहल गरेको जनाइएको छ । गैर नाफामूलक कम्पनीका रुपमा स्थापना भएको स्टुडियोले गत वर्षदेखि 'सोचदेखि उद्योगसम्म' कार्यक्रमका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सहकार्य सुरु गरेको छ । मन्त्रालयसँगको सहकार्यमा प्रतिभा कार्यक्रम सुरु गरिएको कार्यकारी अध्यक्ष लामाले सुनाउनुभयो ।

उद्यमी बन्न चाहनेका लागि स्टुडियोलाई राजमार्गका रुपमा स्थापित गरी गन्तव्यमा जान चाहने सबैलाई पठाउने नीति लिएको पनि उहाँले बताउनुभयो । उद्यम गर्न चाहनेका लागि ज्ञान र सीपमा सहयोग गरिने स्टुडियोले जनाएको छ । कार्यक्रमका लागि जापानसँग पनि समझदारी गर्न लागिएको छ । यसका लागि १५ दिनमा जापानी प्रतिनिधिमण्डल नेपाल आउने भएको छ ।

स्टुडियोका सञ्चालक सुरेश सिम्खडाले सातौँ सिजनका लागि सबैले आइडिया पठाउन सक्ने बताउनुभयो । उद्यमशीलतामा लाग्न चाहनेका लागि तीनै तहका सरकारले सहयोगको वातावरण बनाइने भनाई पनि उहाँको थियो । स्टुडियोका अर्का सञ्चालक माल्भिका सुब्बाले गत वर्षमात्र उद्यम गर्न चाहने आठ सय ३३ जनाको सोच आएको जानकारी गराउनुभयो । उद्यमका सोचलाई मूर्तरुप दिन प्रेरणा गरिएको पनि उहाँले सुनाउनुभयो । उद्यमको सोच ल्याउनेलाई वातावरण मैत्री भएर काम गर्न विश्व वन्यजन्तु कोषले प्राविधिक सहयोग गरिरहेको डा घनश्याम गुरुङले बताउनुभयो । उद्यम क्षेत्रका दिगो विकासका लागि पनि वातावरण मैत्री भएर काम गर्न प्रेरित गरिएको उहाँले सुनाउनुभयो ।

गत वर्ष आएका आठसय ३३ उद्यमका सोचमध्येबाट उत्कृष्टलाई स्पेस ४ के टेलिभिजनबाट यसै हप्तादेखि कार्यक्रम देखाउन लागिएको जनाइएको छ । सकारात्मक सोचकासाथ टेलिभिजनले यो कार्यक्रम चलाउन लागेको प्रबन्ध निर्देशक प्रभात चलाउनेले बताउनुभयो । सामान्य प्रशासन मन्त्रालयका उपसचिव हरि ज्ञवालीले सोचदेखि सुशासनसम्म नाममा मन्त्रालयले स्टुडियोसँग सहकार्य गरेको जानकारी दिनुभयो । कार्यक्रममा काठमाडौं मोडेल कलेजका क्याम्पस प्रमुख सुरेन्द्र सुवेदी, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टमका सञ्जीव सुब्बालगायतले उद्यमशीलताको विकासमा स्टुडियोका कार्यक्रमले सहयोग गर्नेमा जोड दिनुभएको थियो ।रासस

# कांग्रेस केन्द्रीय परिचालन समितिमा सदस्य थप

काठमाण्डु । नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गठन गरेको निर्वाचन केन्द्रीय परिचालन समितिमा सदस्य थप गरेको छ ।

कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठको संयोजकत्वमा गठन भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन -२०७९ केन्द्रीय परिचालन समितिले मंगलबार मकवानपुरका राजकुमार जिएमलाई सदस्य मनोनयन गरेको कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

यसअघि कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीको विधान, २०१७ (संशोधन सहित) पार्टीका पूर्वउपसभापति श्रेष्ठलाई प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन -२०७९ केन्द्रीय परिचालन समितिको संयोजकको जिम्मेवारी दिनुभएको थियो ।रासस

# भुसाल र रायमाझीको प्रतिस्प्रर्धा

अर्घाखाँची । मङ्सिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि अर्घाखाँचीमा राजनीतिक दल र उम्मेदवार प्रचारप्रसारको अन्तिम चरणमा रहेका छन् । यहाँ सत्ता गठबन्धनर प्रतिपक्षि नेकपा एमाले का उच्चस्तरका नेता बीच मुख्य प्रतिस्पर्धाहुने देखिएको छ ।

अर्घाखाँचीमा वामलोकतान्त्रि पक्षबाट नेपाली कांग्रेस केन्द्रीय सदस्यतथा पूर्व उपसभामुख पुष्पा भुसाल र नेकपा एमालेबाट पार्टी सचिव तथा पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचनका लागि ११ जना सङ्घमा उम्मेदवार भए पनि मुख्य प्रतिस्प्रर्धा भने नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व उपसभामुख पुष्पा भुसाल र नेकपा एमालेका केन्द्रीय सचिव पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझीबीच हुने भएको छ । संयोग भन्नुपर्छ दुबै जना उम्मेदवार सन्धिखर्क ९ अर्घाका नै हुनुहुन्छ ।

विसं २०७४ को निर्वाचनमा तत्कालीन नेकपा एमाले, नेकपा माओवादी र राष्ट्रिय जनमोर्चा लगायतका गठबन्धन दलका तर्फबाट निर्वाचित रायमाझी अहिले एमालेको एकल उम्मेदवारको रूपमा उम्मेदवार हुनुहुन्छ । आर्थिक समृद्धि र मुलुकको विकासका लागि आफ्नो जीत हुने नेता रायमाझीको भनाइ छ ।

विसं २०६४ देखि निरन्तर निर्वाचित हुनुभएका रायमाझी २०७४ को वामगठबन्धनमा माओवादीबाट उम्मेदवार बनेर निर्वाचित हुनुभएको थियो । तर अहिलेको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा माओवादी, राष्ट्रिय जनमोर्चा, एकीकृत समाजवादी लगायतका दलको समर्थनबाट लोकतान्त्रिक वामगठबन्धनको तर्फबाट नेपाली कांग्रेसका नेता पुष्पा भुसालको उम्मेदवार बन्नुभएको छ ।

जिल्लाको विकासका लागि आफ्नो जीत हुने नेता पुष्पा भुसालको भनाइ छ । उहाँले जिल्लामा विकासको नाममा आएको बजेटको परिक्षण अर्घाखाँचीबासीले गर्नुपर्ने बताउनुभयो । सङ्घीयतापछिको २०७४ को चुनावमा भुषाल समानुपातिक सूचीबाट संसद बनेर उपसभामुख बन्नुभएको हो ।

प्रतिनिधिसभाको लागि राप्रपाबाट होमनारायण बेल्बासे, राष्ट्रिय स्वतन्त्र पाटीबाट हरिप्रसाद भुसाल, जसपा नेपालबाट नेत्रबहादुर थापा, हाम्रो नेपाली पार्टीबाट दुर्गा बन्जाडे, नेपाल मजदूर किसान पार्टीबाट सुतेज दुलाल, राप्रपा नेपालबाट खलिल मियाँ, राष्ट्रिय जनमुक्ति पार्टीका मधुबहादुर सारुलगायत ११ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।रासस


## भूल सुधार गरिएको

**मिति २०७९ कार्तिक ३० गते, बुधवार**

मिति २०७९ कार्तिक २९ गते मंगलवार जनकपुर टुडे पत्रिकामा ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचनामा प्रकाशन मिति २०७९/०७/२९ गते र ऐसा खातुनको नाममा रहेको धितो कित्ता नं. ३४६ को क्षेत्रफल ०-०-१२३/४ हुनुपर्नेमा अन्यथा भएको हुँदा भुल सुधार गरिएको छ ।

**जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.**

लहान ३, सिराहा



## कर्मचारी आवश्यकता

**(सुचना प्रकाशित मिति : २०७९/०७/३० गते)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त प्रादेशिक (मधेश प्रदेश) स्तरको यस स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. को केन्द्रिय कार्यालय तथा शाखा कार्यालयहरुको लागी तपसिल बमोजिमका पदहरुमा कर्मचारी आवश्यक भएको हुदाँ यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र ईच्छुक नेपाली नागरिकहरुले आफुले आवेदन दिन चाहेको पद स्पष्ट उल्लेख हुने गरि संस्थाले तोकेको दरखास्त फारम सहितको आवेदन तल उल्लेखित ठेगानामा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ ।

**१. विज्ञापन नं., पद, न्युनतम शैक्षिक योग्यता र अनुभव :**

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | न्युनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|---|---|
| १ | १/०७९/८० | अधिकृत | अधिकृत | केहि | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा एक तह मुनिको पदमा १ वर्ष काम गरेको वा स्नातक तह वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा एक तह मुनिको पदमा ३ वर्ष काम गरेको । कर्जा विभागमा रहि काम गरेकालाई प्राथमिकता दिईने छ । |
| २ | २/०७९/८० | कनिष्ठ अधिकृत | अधिकृत | केहि | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा शाखा प्रबन्धक भई २ वर्ष काम गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा शाखा प्रबन्धक भई ३ वर्ष काम गरेका । केन्द्रिय कार्यालय वा अनुगमन कार्यालयमा काम गरेकालाई प्राथमिकता दिईने छ । |
| ३ | ३/०७९/८० | वरिष्ठ सहायक (शाखा प्रमुख) | सहायक | केहि | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा न्युनतम १ वर्ष कार्य अनुभव भएको वा प्रविणता प्रमाणपत्र वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा न्युनतम २ वर्ष कार्य अनुभव भएको । |
| ४ | ४/०७९/८० | सहायक (शाखा प्रमुख) | सहायक | केहि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरहको परिक्षा उत्तिर्ण गरि बैंक तथा वित्तीय संस्थामा न्युनतम १ वर्ष कार्य अनुभव भएको । |
| ५ | ५/०७९/८० | प्रशिक्षार्थी कनिष्ठ सहायक | सहायक | केहि | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परिक्षा उत्तिर्ण गरि कम्प्युटर तथा लघुवित्त कार्यक्रम सम्बन्धी समान्य ज्ञान भएको तथा फिल्डमा कार्य गर्न सक्ने । |

**२. परिक्षाको किसिम** : विज्ञापन नं. १ देखी ४ सम्मको हकमा अन्तरवार्ता साथै विज्ञापन नं. ५ को हकमा फिल्ड अवधारण र अन्तरवार्ता ।

**३. उमेरको हद** : अधिकृत श्रेणीको हकमा २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र सहायक श्रेणीको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, साथै महिलाको हकमा माथिल्लो उमेरको हद ५ वर्ष थप गरिएको छ ।

**४. आवेदन दिने ठेगाना** : यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय वा केन्द्रिय कार्यालयको ईमेल slbs.vacancy@gmail.com मार्फत आवेदन दिन सकिने छ । साथै आवेदनको लागी आवश्यक दरखास्त फारम यस वित्तीय संस्थाको केन्द्रिय कार्यालयबाट वा वेवसाईट www.swastikmicrofinance.com मा Download मा गई प्राप्त गर्न सक्नुहुनेछ ।

**५. आवेदन दस्तुर** : आवेदन दस्तुर बापत अधिकृत श्रेणीको लागी रु. ५००/- र सहायक श्रेणीको लागी रु. ३००/- छनौट सुचिमा परेको उम्मेदवारहरुले यस वित्तीय संस्थाको नाममा रहेको NIC Asia Bank Ltd. को लहान शाखामा रहेको खाता नं. 3641000787852404 मा बुझाउनु पर्नेछ ।

**५. सेवा सुविधा** : यस वित्तीय संस्थाको नियमानुसार हुनेछ ।

**पुनश्च** : प्राप्त आवेदनउपर कारण खोली वा नखोली अस्वीकृत गर्ने वा यस विज्ञापनलाई रद्द गर्ने सबै अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।

**पदपुर्ति समिति**

कम्पनी दर्ता नं. : २०१२९२/०७५/०७६ इजाजतपत्र नं. ने.रा.बैंक/इ.प्रा./"घ"/८९/०७५/०७६

स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.

SWASTIK LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था, प्रादेशिकस्तर (मधेश प्रदेश)

केन्द्रिय कार्यालय लहान - ८, सिराहा



सुर्यमुखी फुल में मोहर लगा क

धनुषा निर्वाचन क्षेत्र नं. ३ के

प्रतिनिधिसभा सदस्य के स्वतन्त्र उम्मेदवार



अमरेन्द्र कण्ठ के

अत्यधिक मत स जिताउ

Facebook Page-
**SuryaMukhi Ful**

Facebook Profile Name -
**Amarendra Kantha**

चुनाव चिन्ह

सुर्यमुखी फुल

सुर्यमुखी करे सब के प्रतिनिधि



## रोजगार बनौ । Admission Open रोजगार बनौ ।।

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

- ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

- बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
- सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
- सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः–** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः–** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विवाहपञ्चमीलाई व्यवस्थित गर

नेपालमा आयोजना हुने ठूला धार्मिक पर्वत्यौहार मध्ये जानकी मन्दिरद्वारा आयोजना हुने सीताराम विवाह महोत्सव प्रमुख हो।हरेक वर्ष मार्ग शुक्लपञ्चमीको दिन जानकी मन्दिरमा परम्परागत सीताराम विवाह महोत्सवको आयोजना हुने गरिन्छ।झण्डै डेढ दशकदेखि भारतको अयोध्याबाट साधुसन्त सम्मिलित जन्ती पनि आउने गरेको छ। सीताराम विवाह महोत्सवमा नेपाल र भारतका अतिरिक्त अन्य कयौं देशहरुबाट हिन्दू धर्मावलम्बीहरु ठूलो संख्यामा आउने गर्छन्।हिन्दू धार्मिकग्रन्थहरुका अनुसार सीताराम विवाह त्रेता युगमा राजा जनककी पुत्री भगवान सीता र अयोध्याका राजा दशरथका पुत्र भगवान रामबीच सु-सम्पन्न भएको थियो।तत्कालीन समयमा राजा जनकको प्रतिज्ञाबद्ध धनुषलाई भगवान रामले सीता स्वयंरमा भंग गरेपछि विवाह भएको धार्मिक मान्यता छ।त्रेताकालीन भगवान सीताराम विवाहलाई जानकी मन्दिरले हरेक वर्ष मंसिर शुक्ल पञ्चमीको दिन महोत्सवको रुपमा आयोजना गर्दै आएको छ।भगवानको विवाह समारोहमा सहभागी हुन ठूलो संख्यामा नेपाल र भारतबाट हिन्दू श्रद्धालु भक्तजनहरु आउने गरेका छन्।मेला भर्न आउने लाखौं श्रद्धालुहरु यस भेगका लागि व्यवसायिक ग्राहक पनि हुन्।मेलालाई व्यवसायिकरण गर्न सके त्यसबाट जनकपुरधाम क्षेत्रमा व्यवसायीहरुलाई मनग्गे फाइदा पनि हुन सक्छ।मधेश प्रदेशको राजधानी समेत रहेको जनकपुरधाममा सर्वाधिक आउने पर्यटकहरु धार्मिक रहने गरेका छन्।उनीहरु जानकी मन्दिरको दर्शन, गंगासागरमा स्नान बाहेकमा खासै रुची देखाएको देखिदैन्।जनकपुरधाममा आउने पर्यटकहरुलाई कम्तीमा एक राति विश्राम गराउन सके व्यवसायिक लाभ हुन सक्छ।तर अहिले विवाहपञ्चमी मेला भर्न आउने पर्यटकहरु पनि बिहान आएर दिउँसो नै फर्कने गरेका छन्।पर्यटकहरुलाई रात्री विश्राम गराएर किनमेलको वातावरण सृजना गर्न जनकपुरधाम उपमहानगरपालिका, मधेश प्रदेश सरकार, होटेल व्यवसायी संघ लगायतका निकायहरुले योजनाबद्ध रुपमा काम गर्नुपर्ने देखिन्छ।अहिले विवाहपञ्चमी मेला पनि अव्यवस्थित नै हुने गरेको छ।श्रद्धालुहरुले खचाखच भरिएको जनकपुरधाममा साँझ होटेलमा बास बस्ने र अबेर रातिसम्म बजारमा किनमेल गर्ने वातावरण छैन्। सीताराम विवाह महोत्सवकै दिन अतिविशिष्ट व्यक्तिहरु (भीभीआईपी)को सवारी हुने गरेको छ।त्यो अत्यन्त सकारात्मक र प्रचारमुखी पनि हो।तर भीभीआईपीको सवारी हुँदा त्यसको समुचित व्यवस्थापन गर्न नसक्दा सर्वसधारण श्रद्धालुहरु मारमा पर्छन्।उनीहरु विवाह महोत्सवको स्वयंवर प्रकरणमा सहभागी हुनबाट बञ्चित हुने गरेका छन्।यस वर्ष पनि भारतको उत्तराखण्ड सरकारका दोस्रो वरियताका संस्कृति मन्त्री सतपाल सिंह रावत 'सतपाल महाराज' आउने निश्चित भइसकेको छ।उनको आगमनमा सर्वसधारणलाई समेत दर्शनपूजाका लागि सहज हुने वातावरण बनाउनु आवश्यक छ।मेलालाई व्यवस्थित गर्न अहिलेदेखि नै सम्बन्धित पक्षहरु सक्रिय हुनु आवश्यक छ।

# अन्तर्राष्ट्रिय सहनशीलता र चुनावको सरगर्मी



**सञ्जय साह मित्र**

आजअन्तर्राष्ट्रिय सहनशीलतादिवस हो। र, नेपालमाअहिले चुनावको मौसम छ। नेपालमाभइरहेको चुनावले अन्तर्राष्ट्रियमहत्वपाइरहेको छ। अन्तर ाष्ट्रियमञ्चमापनिलोकतान्त्रिक देशले नेपालको लोकतन्त्रको यस चुनावलाई राम्रोसित सम्पन्नभएको देख्न चाहेको छ। यो स्वाभाविकहो। हरेक देश जहाँलोकतन्त्र छ, त्यहाँचुनावभइरहन्छ। चुनावले दलहरुलाई जनतामाजाने मौका दिन्छ। जनताले पनिदलतथा नेताहरुलाई कत्तिको पत्याएका छन् भन्ने कुरा जाँच्ने मुख्यआधार नै चुनावहो। अरु वेलामा त सबै समान हुन्छन् तर चुनावले कसको पक्षमाकतिजनमत रहेको छ भन्ने कुरो साबित गरिदिन्छ। यसकारण चुनावआफैँमालोकतान्त्रिकअभ्यासको सर्वोत्तम रुप हो। लोकतन्त्रको प्राण हो र लोकतान्त्रिक सरकारको लागिउच्चतममर्यादा पनिहो।

चुनावलाई सहनशीलताको दृष्टिकोणले पनि हेर्नु जरुरी छ। केहीदिनपहिलेसम्म जसरी डिजे बाजामाअत्यन्तचर्को स्वरमा कराएर उम्मेदवारको प्रचार गरिरहेका गाडीहरु अब हराएका छन्।चुनावप्रचारले जनजीवनमानकारात्मकप्रभावपारेको थियो। विद्यालय छेउछाउ तथागाउँमा बिरामी, वृद्ध, शिशुलाई चर्को स्वरले निकै हानिगरिरहेको थियो तर पनिचुनावहो भनेर सहेर बसेकाथिए। यस्तावर्गले कतै कुनै गुनासो गरिरहेकाथिएनन् तर प्रहरी र प्रशासनको नजरमा जब अतिहुनथाल्यो तब विस्तारै कडाइ गर्दै गयो। फलतः यस्ता डिजे बाजामाचुनावको प्रचार गरिने क्रमकमभयो। यसरी कमहुँदापनिउम्मेदवारले आफ्नो प्रचार गरिरहेकै छन्। सर्वसाधारण मतदाताले भने सबै उम्मेदवारलाई स्वागतगरिरहेकै छन्। यो सहनशीलताले एकातिर लोकतान्त्रिकअभ्यासमा सबैको सहयोगलाई पुष्टि गर्दछ भने अर्कोतिर हाम्रो समाजमा सहनशीलतामाविस्तारै वृद्धि हुँदै गएकोपनि देखाउँछ।

सहनशीलता सामाजिक दृष्टिकोणले धेरै महत्वपूर्ण रहेको छ। हामीहाम्रो समाजमा धेरै किसिमले एकले अर्काको कुरा तथाव्यवहार सहेर बसेका हुन्छौं। कतिपयलाई कति छिमेकीको व्यवहार चित्तबुझ्केको हुँदैन तर केहीपनिबोलेको हुँदैन। चित्तनबुझ्दा आफूले त्यस अनुरुपको व्यवहार नगर्ने हो तर छिमेकीलाई चित्तदुख्लाभनेर नभनीकनै सहेर बसेका हुन्छन्। यसै गरी कतिपयअवस्थामाआफूलाई अप्ठ्यारो नपरीकनै पनि सम्बन्धितव्यक्तिवा छिमेकीलाई जानकारी दिने प्रवृत्तिकामानिस पनि हुन्छन्। यो एक हिसाबले निकै राम्रो पनिकिनहो भने आफूलाई मन लागेको कुरो भनिदिनु उचित हुन्छ। जसले गर्दा अप्ठ्यारो भएको हो, उनलाई थाहानहुनपनि सक्छ। तर कतिपयमानिस हुन्छन् दुःखमान्ने। आफूले गर्दा अप्ठ्यारो भएको थाहा हुन्छ वाथाहाहुँदैन तर उनलाई त्यही कुराको जानकारी गराउँदाभने उनी रिसाउने हुन्छन्। यसरी रिसाउनेदेखि पनि छिमेकीहरुले केहीभन्नचाहँदैनन्। यसरी रिसाउने मानिसले यो बुझेका हुन्छन् कि खिसीटिउरी गरेका छन्, मनमनै प्रगति हेर्न चाहेका छैनन्। साथै यदिआर्थिक र सामाजिक दृष्टिकोणले कमजोर छन् भने त यस्तो अवस्थामा हेपिएको महसुस गर्दछन्।

सामाजिक परिवेशमा सहनशीलताको सम्बन्धविस्तार हुन्छ। सामाजिक सम्बन्धआफैँमा सहनशीलताको विशाल परिवेश हो। जहाँ सम्बन्धहरुको विकास र विस्तार भइरहेको हुन्छ। हरेक सम्बन्धमाएकले अर्कोलाई यथोचित सम्मान गरेको हुन्छ। यही सम्मानको परिधिले सहनशीलताको सीमालाई विस्तार गरेको हुन्छ। धेरै दुःखर सुखमा सम्बन्धहरु सहनशीलभएको पाइन्छ। र, लोकतान्त्रिकपर्व भनेर मानिने चुनावको समयमा यस्ता सम्बन्धले झन् अलग परिभाषाखोज्दछ। कुनै दुई व्यक्तिवा परिवारको बिचमाऔपचारिक वाअनौपचारिक दुःख सुख साट्ने तथाएकअर्काको दुःख र पीडामा सहनशीलताअपनाउने किसिमको जुनव्यवहार बसिसकेको हुन्छ, त्यस्ताव्यक्तिवा परिवारकाबिचमाचुनावको यस्तो किसिमको माहौलमाभने चुनावीचर्चा तथा सहकार्य हुने गरेको छ। अझ यस्तैमा केहीवा निकटका कोहीचुनावमाउम्मेदवार बनेका छन् भने निकटस्थहरुमा स्वाभाविकवा नैसर्गिक दायित्वबोध बनेको पाइन्छ। भने पनिवानभने पनि अगाडि वा पछाडि जुनहालतमाभएपनि सहयोग गरिरहेको पाइन्छ। यस अवस्थाले गर्दा सहनशीलताको अर्थले व्यापकतापाएको हुन्छ भने चुनावले पनि सकारात्मक अर्थमा सहयोग पाइरहेको हुन्छ।

अन्तर्राष्ट्रिय सहनशीलतादिवसको महत्वलाई विस्तार गर्ने उदाहरणहरु अहिलेको चुनावी सरगर्मीमापर्याप्त पाइन्छन्। यदि मन नपरेको वापहिले झगडा भएको मानिस नै उम्मेदवार छन् र घरमाभोट माग्न आउँछन् भने स्वागत नै गर्दछन्। यसै गरी यदिपहिलेदेखि नै बोलचालबन्द रहेको परिवार छन् भने पनिउम्मेदवारहरु स्वाभाविक रुपमापहिलेको सबै बिर्सेर आफूलाई सहयोग गर्नको लागितिनको दैलोमा पुग्छन्। यसरी चुनावले सम्बन्धको विकास र नवीकरण पनिगर्दछ। वर्तमानअवस्थामा त जुनगाउँको उम्मेदवार हो, त्यस गाउँकाअधिकांशमानिसले यहीभनेर भोट दिएका हुन्छन् कि जे होस् आफ्नो गाउँको त छन् नि। यसमाआफ्नो गाउँ, आफ्नो समाज र आफ् नोपनको यस्तो संयोग हुन्छ किअन्य कुरालाई एकातिर पन्छाएर वा सहिदिएर मतको सहयोग गर्दछन्। साथै सम्भवभयो भने अलिकति एक दुई गाउँमा एक दुई पटक घुमेर भोट पनि माग्छन्। छिमेकीतथागाउँलेहरु यसकालागिउम्मेदवारबाट केहीपनि लिएका हुँदैनन्। यति अवश्य आशा राखेका हुन्छन् कि अरु केहीनगरे यदिचुनाव जित्छन् भने गाउँकालागि केही गर्छन् जुन सबैको लागि हुन्छ। अझयसभन्दाअलिक अगाडि बढेर यो पनिभन्ने गर्दछन् किगाउँमा एक जनामाननीय भएपछि गाउँको परिचयमा यो पछि परन्तुसम्मथपिन सक्छ कि यो माननीयज्यूको गाउँहो, यो माननीयज्यूको टोल हो। एकभन्दा बढी माननीयभइसकेको अवस्थामा त गाउँको पहिचानमा नै थपगौरवबोध हुने गर्दछ। अरुहरुले पनिभन्ने बेलामा यस कुरालाई चर्चामाल्याइरहन्छन् कि यस गाउँमादुई वातिनजनामाननीयभइसकेका छन् भने यहाँको विकासको संस्कार नै परिवर्तन भएको हो।

अहिलेको चुनाव धेरै किसिमले विशेष सहनशील देखिएको छ। यस चुनावमाआमनागरिक पनि सहनशील देखिएका छन्। उम्मेदवारहरु त सहनशीलहुने भइ नै हाले। स्वयं नेताहरु पनि धेरै सहनशीलभएका छन् किनभने चुनावमाजाने मुख्य पार्टीहरुले गठबन्धन गरेका छन्। गठबन्धनगर्दा दुई वा बढी दलहरु मिलेर चुनाव लडने हो। यस्तो अवस्थामादुई वा बढी दलहरुको एकै उम्मेदवार हुने हुन्छ जुन यस चुनावमा देखिएको छ।

चुनावको लागिउम्मेदवारको मनोनयनभएको समयमा धेरै उम्मेदवारहरु रुष्ट देखिएकाथिए तर कालान्तरमा सबै सहेर बसे। विस्तारै गठबन्धनको उम्मेदवारलाई सहयोग गर्न थाले। विस्तारै आमनागरिकमापनि यो प्रवृत्ति देखिएको छ। आमनागरिकले पनि यस कुरालाई धेरै हदसम्म स्वीकार गरिसकेका छन्। अहिलेको परिस्थितिमामनोनयनको समयको जस्तो अवस्था छैन। यसले यो देखिएको छ किचुनावमादल, नेता, उम्मेदवार तथाआमनागरिक पनि सहनशील हुन्छन्।

अहिले चुनावी सरगर्मी उत्कर्षमा छ। अबविस्तारै ओरालो लाग्ने हो। यस पटक मौनअवधिहोइन, चुनावप्रचार प्रसार निषेध अवधिभनिएको छ। यसकारण पहिले मौन अवधिभनिएको दिनमाचाहिँअत्यन्तशान्तवातावरण हुन्छ। पहिलेको भन्दाचुनावको यस वेलामानिर्वाचनआयोग बढी सक्रियपनि छ। आयोगको सक्रियताले सार्वजनिक स्थानहरुमा राखिएकाप्रचार सामग्रीहरु हटाइएका छन्। यसको आधारमा सबैले यो विश्वास पनि गरेका छन् किप्रचार प्रसार निषेध अवधिमा यस्ता धेरै प्रचार सामग्री हटाइने छन् तथावातावरण शान्त र स्वच्छ हुनेछ। चुनावको दिन त झन् सबारी साधनमाथि नियन्त्रण गरिएको छ। त्यस दिनकरिब शान्त नै हुन्छ।यद्यपि साराको ध्यानमतदानतिर गएको हुन्छ। सम्पूर्ण मतदाता र मुख्य गरी निर्वाचनसित सम्बन्धितउम्मेदवार र कर्मचारीहरुको मुख्यकर्तव्य नै शान्तिपूर्ण निर्वाचन गराउने भन्ने हुन्छ। यसकारण सबैको सम्पूर्ण ध्याननिर्वाचनलाई शान्तिपूर्ण सम्पन्नगर्नेतिर हुनुलाई स्वाभाविक मान्नुपर्छ। वास्तवमाचुनावको सबैभन्दा महत्वपूर्ण दिन नै निर्वाचनको दिनहो।

अहिले चुनावको चर्चाले उत्कर्ष पाइरहँदाकिसानहरु भने आफ्नो खेतमाव्यस्त छन्। धानखेतमाधान काट्न र त्यसलाई भित्र् याउनको लागिकिसानहरु पूर्णतयाव्यस्त छन्। एक वर्षको लागिअन्नको जोहो गरिरहेका छन्। गतअसार र साउनको चर्को घाममा गरेको खेतीको प्रतिफल हेरिरहेका छन्, घरमाल्यारहेका छन्। अहिले चुनावको मौसमले गर्दा जसरी विभिन्नदलतथाउम्मेदवारलाई चटारो छ, त्यसरी नै यसभन्दापनि ठूलो चटारो किसानलाई रहेको छ।

धानभित्र्याउने र धान काटेर खालीभएको जमिनमाअर्को बालीलगाउने हतार एकैचोटि किसानलाई भएको छ। यसै समयमाचुनावहुँदाउम्मेदवारहरु खेत र खरिहानसम्मपनिपुगिरहेका छन्। कतिपयकिसानलाई यस किसिमको भेटघाटले आफ्नो सम्मान बढाएको अनुभूतिभइरहेको छ र कतिपयकिसानलाई अलिकति अप्ठ्यारो पनिअनुभूतिभइरहेको छ कि ठूला मानिसहरु आउँदा स्वागतगर्न पाइएको छैन। यस दृष्टिले उम्मेदवार र किसानदुवै सहनशील देखिएका छन्। अन्तर्राष्ट्रिय सहनशीलतादिवसको वर्तमानअवस्थामा सुन्दर प्रयोजन देखिएको छ। हामी सबै सत्यकालागि सहनशीलबनौं र निष्पक्षतापूर्वक चुनाव सम्पन्न गरौं।

> *सहनशीलता सामाजिक दृष्टिकोणले धेरै महत्वपूर्ण रहेको छ। हामीहाम्रो समाजमा धेरै किसिमले एकले अर्काको कुरा तथाव्यवहार सहेर बसेका हुन्छौं। कतिपयलाई कति छिमेकीको व्यवहार चित्तबुझ्केको हुँदैन तर केहीपनिबोलेको हुँदैन। चित्तनबुझ्दा आफूले त्यस अनुरुपको व्यवहार नगर्ने हो तर छिमेकीलाई चित्तदुख्लाभनेर नभनीकनै सहेर बसेका हुन्छन्। यसै गरी कतिपयअवस्थामाआफूलाई अप्ठ्यारो नपरीकनै पनि सम्बन्धितव्यक्तिवा छिमेकीलाई जानकारी दिने प्रवृत्तिकामानिस पनि हुन्छन्। यो एक हिसाबले निकै राम्रो पनिकिनहो भने आफूलाई मन लागेको कुरो भनिदिनु उचित हुन्छ।*

# माया र मजाक

**कुसुम यादव**

पाउनलाई त सबैको माया पाएकै हो। तर कता कतै त्यो मायालाई बुझ्दै गर्दा समयसँगै त्यही मायाको असल परिभाषा बुझ्दै गए। भन्छन् नि, आमा बाबा बाहेकको कोहि हुँदैनन् यहा आफुलाई पर्दा साथ दिने, हो... मलाई बिस्तारै त्यही महसुस भइरहेको थियो। के कुरा गर्नु ती साथी भाई ईष्ट मित्र हरुको, जसले त्यो दिन मेरो पीडा र म रोएको देख्दा देख्दै पनी मलाई छोडेर हिडिदिए। मलाई माया, साथी भाई हरु माथि विस्वास उठ्ने गरी टुटाइदिए। त्यो दिन मेरो आसु त्यो लगातार बगिरहने खोलो सरह मैले महसुस गरेको थिएँ। देख्नेले हेरेर रमाउने.... न त कुनै अर्थ न त कुनै दिशा भएको। हाँस्न त सबै सीत हाँस्थे तर मेरो हाँसोको पनि गलत फाइदा उठाइयो।

हाँस्छ भन्दैमा मुख मा आए जतिका सबै कुरा कहा भन्थे होला र म त पीडा लुकाएर हाँस्ने एक कलिली नारी। तर पनि मेरो हाँसोलाई जोडेर म माथि आरोप तिकियो।

मन मेरो नी चिरिएको होला।


आँसु नी झरेका होलान्।

तर पनि यो पापी संसार को लागि मैले हाँस्न छाड्दिन। अहिले को लागि मेरो मुस्कान लुके पनि मेरो हाँसो मा दोष लगाउने को पीडा देख्दा मेरो मन्द मुस्कान एक भयानक हाँसो मा बदलिनेछ। त्यो दिन म संसार लाइ म भित्र को म देखाउने छु।

ती दिन सम्झँदा मेरो मन् अझै पनि भक्कानो छोडेर रुने गर्छ।

म अझै पनी निद्रै निद्रा मा झस्किरहन्छु र त्यही पलहरु सम्झदै आफुलाई प्रश्न गर्छु .... के गल्ती थियो मेरो, के यही नै हो त माया। भन्छन् नि मानिसको जीवनको हरेक घटनाले मानिसलाई कुनै न कुनै रूपमा बदलिदिन्छ भनेर, हो म पनी अब मान्छे चिन्ने भएकी थिए... राम्रो नराम्रो हेरेर छुट्याउन सक्ने क्षमता थियो अब म मा। म अब पहिले को जस्तो हारेको मान्छे थिइन र यी सबै बाट मैंले आफ्नो मान्छे चिने...... आमा बाबा।

# मधेशमा उपेन्द्र यादव



**जयप्रकाश गुप्ता**
**पूर्वमन्त्री(सप्तरी)**

राजनीतिक पार्टीहरु तत्कालका समस्याबारे बोलिरहेका छैनन्। जनजीविकाको समस्या र आजको दिनमा नागरिकले भोग्नुपरिरहेको कठिनाईका कुराहरु तथा यसबाट मुक्तिका बाटाहरु बारे दलहरू बोली रहेको छैन। दलहरू प्रति बिश्वसनीयताको ठूलो संकट देखिएको छ। जनताले नेताहरुले बोलेका कुराहरुमा गम्भीरतापूर्वक मनन् गर्ने, छलफल गर्नेभन्दा पनि त्यसलाई हाँसोको रुपमा लिएका छन्। यस पटकको चुनावमा राजनीतिक पार्टीहरुले ठूला-ठूला कुराहरु गरेका छन्. तर यस प्रति जनताको बिश्वास छैन।

मधेश प्रदेशको अवस्था हेर्ने हो भने, लोसपा नेपाली कांग्रेससँगको गठबन्धनमा छ। जसपाको एमालेसँगको गठबन्धनमा छ। दुईटैले एउटै कुरा भनि रहेको छँ-हामी सरकार बनाउँछौं। जुन पार्टीले १०/२० ठाउँमा मात्र आफ्नो उम्मेदवार उठाएका छन्, जसको ५/७ वटा सिट मात्रै जित्ने सम्भावना छ-उसले कसरी सरकार बनाउने? सरकारमा मंत्री हुनलाई पनि यिनले कांग्रेस, एमाले वा माओवादीको पछाडि लाग्नुपर्ने हुन्छ। जबकि, काँग्रेस, एमालेहरूले मधेसका सवालहरूमा संविधानको संशोधन गरिने कुरालाई निरन्तर अस्वीकार गरि आएको छ।भनेपछि यी मधेसी दलहरुले उठाउने राजनीतिक सवालहरु आमनागरिकले पत्याइरहेको अवस्था छैन।

उपेन्द्र यादवजीले संविधान पुनर्लेखनको कुरा अहिले फेरि उठाउनुभएको छ। शासकीय ढाँचामा ठूलो बदलावको कुरा उठाउनुभएको छ। कार्यकारी अधिकार भएको राष्ट्रपतिको कुरा उठाउनुभएको छ। उपेन्द्र यादवजी यसअघि पालैपालो कांग्रेससँग पनि सरकारमा बस्नुभएको छ, एमालेसँग पनि सरकारमा बस्नुभएको छ। सरकारमा जाने बेलामा दुबैसंग भेगमा समझदारी गर्नुभएको छ। भेग शब्दावलीमा मधेशका सवालहरु सम्बोधन गरिनेछ, तर सरकारमा गइसकेपछि ती कुराहरु बिर्सिनुहुन्छ। केपी ओलीसँग सरकारमा गएको बेलामा संविधान पुनर्लेखनको त कुरा छोडिदिनुस्, संविधानका कुन-कुन विषयमा संशोधन गर्नु आवश्यक छ, त्यसको पहिचानका लागि एउटा समिति बनाउँ भनेर उपेन्द्रजीले प्रस्ताव राख्दा ओलीले त्यो प्रस्तावलाई ठाढै अस्वीकार गर्नुभयो। त्यसपछि उपेन्द्रजीको अपमानपूर्वक मन्त्रालय परिवर्तन गरियो र पछि राजीनामा दिनुपर्यो। तेही उपेन्द्रजी अहिले फेरि केपी ओलीसँग गठबन्धन गरेर संविधानको पुनर्लेखनको कुरा उठाउनुभएको छ। संशोधनका लागि कुन-कुन विषयमा संशोधन गर्ने, यसको पहिचान गरौं, समिति बनाउँ भन्दा त उपेन्द्रजी केपी ओलीको सरकारबाट गलहत्याइएर बाहिर निस्किनुपर्यो। अहिले उपेन्द्रजीले संविधानको पुनर्लेखनको कुरा उठाउनुभएको छ। यस्ता-यस्ता कुराहरुले गर्दा मधेशमा दलहरुको घोषणापत्र वा चुनावप्रति कुनै तरंग छैन। उहाँको चुनावी घोषणापत्रको बारेमा कतींकतै चर्चा भएको सुनिदैन।

> *मधेश प्रदेशको अवस्था हेर्ने हो भने, लोसपा नेपाली कांग्रेससँगको गठबन्धनमा छ। जसपाको एमालेसँगको गठबन्धनमा छ। दुईटैले एउटै कुरा भनि रहेको छँ-हामी सरकार बनाउँछौं। जुन पार्टीले १०/२० ठाउँमा मात्र आफ्नो उम्मेदवार उठाएका छन्, जसको ५/७ वटा सिट मात्रै जित्ने सम्भावना छ-उसले कसरी सरकार बनाउने? सरकारमा मंत्री हुनलाई पनि यिनले कांग्रेस, एमाले वा माओवादीको पछाडि लाग्नुपर्ने हुन्छ। जबकि, काँग्रेस, एमालेहरूले मधेसका सवालहरूमा संविधानको संशोधन गरिने कुरालाई निरन्तर अस्वीकार गरि आएको छ।भनेपछि यी मधेसी दलहरुले उठाउने राजनीतिक सवालहरु आमनागरिकले पत्याइरहेको अवस्था छैन।*

गएको स्थानीय निर्वाचन र अहिलेको यो संसदीय निर्वाचनले मधेसको सामाजिक सम-रसतालाई ध्वस्त तुल्याएको छ। सबै ठुला नेताहरूले जातीय बर्चस्वको निर्वाचन क्षेत्रलाई आधार बनाएको देखिन्छ। सर्लाहीको यादव र साहहरूको बहुल क्षेत्र रहेको निर्वाचन क्षेत्रबाट महन्थ ठाकुर महोत्तरी आउनु भएको छ। यहाँ जातीय अनुकूलता देख्नु भयो। जातीय अनुकूलताकै खोजीमा राजेन्द्र महत्तो जनकपुरबाट फर्केर फेरी सर्लाही पुग्नु भएको छ। जातिवादको उर्वर भुमी ठानेरै उपेन्द्र यादव सप्तरी आउनु भएको छ।

उपेन्द्र यादवले सप्तरीलाई जातीय उन्मादमा झोस्नसम्म झोस्नु भएको छ। सप्तरी जिल्लामा यसअघि यति बिघ्न जातीयताको कुरा हुँदैनथ्यो। यहाँ यादवहरू १७/१८ प्रतिशत छन्। यादवहरू सप्तरीमा एउटा जातिको रूपमा निश्चितरुपले प्रभावकारी जाति हो। तर सप्तरीमा कुनै समय यस्तो पनि स्थिति थियो जहाँ गुप्ता, राजपुत, अल्पसंख्यक अमात, पर्वते बाहुन र थारू क्रमशः जित्दथ्यो। यादवहरू अरूलाई समेत सहयोग गर्दथे। यादवले थारूको प्रचार गरिरहेका हुन्थे। थारूले राजपुतको प्रचार गरिरहेका हुन्थे। राजपुतले अमातको प्रचार गरिरहेका थिए। उपेन्द्रजीले यस सदभावलाई क्षत बिक्षत पारेको छ। उहाँले सप्तरीको राजनीतिलाई जातीय आधारमा ध्रुवीकृत गर्नुभएको छ। यसको दुष्प्रभाव अहिले सप्तरीको चारवटै निर्वाचन क्षेत्रमा देखिन्छ। अहिले सप्तरी क्षेत्र नं. २ मा उपेन्द्र यादवको चुनावी प्रचारको उद्देश्य पहिले आफ्नो जातीय भोटलाई सुरक्षित गर्ने, त्यसलाई किल्लाको रुपमा बनाउने, एउटा यस्तो माहोल खडा गरिदिने कि उहाँको जातिको मान्छेले उहाँलाई भोट नदिँदा कुजात हुने भन्ने माहौल बनाउनुभएको छ। उहाँ कहिले मुसलमानसँग गठबन्धनको कुरा अगाडि बढाउनुभएको छ, कहिले साहहरुसँग गठबन्धनको कुरा बढाउनुभएको छ।

उहाँले टिकट वितरण पनि त्यहीं आधारमा गर्नुभएको छ। सप्तरीमा उपेन्द्रजीको पदार्पण भएपछि पूरानो संसदकालमा जुन जातीय राजनीति लगभग समाप्त भइसकेको थियो, अहिले ह्वात्तै बढेको छ। अहिले यादवको बिरूद्ध पचपनीया, पचपनीया बिरूद्ध यादवको द्वन्द खडा गर्नु भएको छ। यादव-मुसलमान-साह यस्तो प्रकारको ध्रुवीकरण उहाँले गर्नुभएको छ। पूर्णरुपमा उहाँको चुनावी अभियानको दिशा नै यस्तै भइरहेको छ।

जातिवादी राजनीतिले जहाँ पनि आमजनताको मूल समस्यालाई ओझेलमा पार्दछ। जातिवादी राजनीति हावी भएपछि जनताका मूल समस्याबाट दलहरुको ध्यान हटेको छ र भावनात्मक कुराहरुमा बढी ध्यान गएको छ। यसले गर्दा मधेशमा अहिले मधेशका मुद्दाहरु समाप्त भएर गएको छ। मधेशका मुद्दाहरु बारे कतै कुनै चर्चा छैन।

यिनीहरु चुनावमा उठेर, जितेर मधेशका सवालहरु अगाडि बढाउलान्, हामीलाई हकअधिकार दिलाउने कुरामा कुनै विश्वास छैन। यिनीहरु चुनावमा जितेपछि आ-आफ्ना समुदाय र जातका सांसद बन्ने देखिएको छ। बि.स. २०६४ को आन्दोलनमा सारा मधेशीहरु मधेशको सवाललाई लिएर अगाडि बढेको समाज अहिले जातीय रुपमा पूरै विभाजित भएको छ।

*गुप्ताको फेसबुक वालबाट साभार*

# ‘हेवीवेट’ बीचको प्रतिस्पर्धा



झापा । झापा क्षेत्र नं १ ले यतिबेला मुलुककै ध्यान खिचेको छ । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा दुई ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले)का दुई ‘हेवीवेट’ बीचको कडा प्रतिस्पर्धा सो क्षेत्रमा रहेको छ ।

चुनावलाई आफ्नो पक्षमा पार्न उहाँहरू घरदैलोमा व्यस्त हुनुहुन्छ । कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) को लोकतान्त्रिक-वाम गठबन्धनका तर्फबाट कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र एमाले-राप्रपा तालमेलका तर्फबाट अग्नि खरेल उम्मेदवार बन्नुभएको छ । उहाँहरू सहित यो क्षेत्रमा १५ जनाको उम्मेदवारी परेको छ । ती मध्ये तीन जना स्वतन्त्र उम्मेदवार छन् ।

दोस्रो संविधानसभा निर्वाचन, २०७० मा एमालेका रविन कोइराला र २०७४ को संसदीय चुनावमा माओवादी केन्द्रका राम कार्कीसँग पराजय भोग्नुभएका शर्मा तेस्रोपटक चुनावी मैदानमा हुनुहुन्छ भने एमाले स्थायी कमिटी सदस्य खरेल आफ्नो गृहक्षेत्र झापा-२ भए पनि झापामा इन्ट्री गर्नुभएको छ । संसद् छिर्ने प्रयासलाई मूर्तरुप दिन जनताको ‘म्याण्डेड’का लागि शर्मा र खरेल दुवै अहोरात्र खटिरहनुभएको छ ।

महामन्त्री शर्मा सुकुम्बासी समस्या समाधान, पुल निर्माण, नदी कटान नियन्त्रण, पर्यटकीय केन्द्रका स्तरीकरण, झापा-१ जोड्ने रिङरोड निर्माणलगायतका स्थानीय विकास र चासोको विषयलाई समेट्ने मतदातासमक्ष प्रतिबद्धता जनाउँदै हुनुहुन्छ । “जनताले स-साना कुरा खोजिरहेका छन्”, उहाँले भन्नुभयो, “त्यसैले हामी गर्न सक्ने कुरामात्र गर्छौं, नसक्ने कुराको हामी सपना बाँड्न आएको छैनौं ।”

पदमा नरहँदा पनि झापा क्षेत्र नं १ को सडक निर्माण, सामाजिक रुपान्तरण, स्वास्थ्य सेवालगायतका क्षेत्रमा काम गरेको शर्माको भनाइ छ । संविधानको रक्षा, लोकतान्त्रिक शासन पद्धतिको विकास र राजनीतिमा परिवर्तनका लागि गठबन्धन आवश्यक रहेको उल्लेख गर्दै शर्माले गठबन्धनका उम्मेदवारलाई जिताएर जनताको समृद्धिका लागि काम गर्ने अवसर दिन अपिल गर्नुभएको छ ।

एमाले-राप्रपा तालमेलका उम्मेदवार खरेलले आफू जहिले विकास र निर्माणको संसदीय प्रक्रियामा आफू गाँसिएको भएको बताउनुभयो । “जनताको समस्या मेरो समस्या हो”, उहाँले भन्नुभयो, “मैले ती समस्या बुझेको छु ।”

मेची, निन्दा, हडियाखोलमा बर्सेनि आउने बाढीले त्यहाँका स्थानीय समस्यामा पर्ने भएकाले तटबन्धन निर्माण गर्न आफू प्रतिबद्ध रहेको खरेलको भनाइ छ । हात्ती समस्या नियन्त्रणका लागि प्रभावकारी कार्य गर्ने उहाँले बताउनुभयो । “यहाँका समग्र समस्या समाधानका लागि हामी प्रतिबद्ध छौं”, उहाँले भन्नुभयो, “हामीलाई मतदान गरे विजय गराउन मतदातासमक्ष अनुरोध गर्दछौं ।”

शर्मा र खरेल दुवैले स्थानीय अवस्था, आवश्यकता र केन्द्रीय घोषणापत्रलाई आधार बनाएर प्रतिबद्धता जनाइरहनुभएको छ । दुवै उम्मेदवारले आफ्नो जित सुनिश्चित भएको दाबी गरिरहे पनि परिणाम आफ्नो पक्षमा पार्न त्यति सहज छैन । विसं २०५७ मै कांग्रेसको महाधिवेशन प्रतिनिधि हुँदै २०७२ मा केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको शर्मा २०७४ मा पार्टीका प्रवक्ता हुनुभयो । विसं २०७६ मा कांग्रेसको तर्फबाट सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख हुनुभएका उहाँ हाल महामन्त्री हुनुहुन्छ ।

विसं २०६४ र २०७० को संविधानसभा सदस्य रहनुभएका वरिष्ठ अधिवक्ता खरेल पूर्वकानुनमन्त्री हुनुहुन्छ भने हाल उहाँ एमालेका स्थायी समिति सदस्य र झापा इन्चार्ज हुनुहुन्छ । उहाँ कानुनको ज्ञातासमेत मानिनुहुन्छ । झापा क्षेत्र नं १ मा लोकतान्त्रिक-वाम गठबन्धनअन्तर्गत प्रत्यक्षतर्फ प्रतिनिधिसभामा सदस्यमा शर्मा, प्रदेशसभा (१) मा गोपाल तामाङ र (२) मा श्यामवीर लिम्बू चुनावी मैदानमा हुनुहुन्छ भने एमाले-राप्रपा तालमेलअन्तर्गत खरेल, प्रदेशसभा (१) मा रविन कोइराला र (२) मा सविना बजगाईं कट्टेल हुनुहुन्छ । मेचीनगर नगरपालिकाका १५ वटै वडा, भद्रपुरको ९, १० नम्बर वडा र बुद्धशान्ति गाउँपालिकाको ४, ५ , ६, ७ वडा मिश्रित झापा क्षेत्र नं १ मा एक लाख २० हजार तीन सय ७५ मतदाता छन् । जमध्ये करिब १३ हजार नयाँ मतदाता थपिएका छन् ।

स्थानीय चुनावमा वडाध्यक्षले प्राप्त गरेको मतअनुसार यहाँ एमालेसँग ३१ हजार दुई सय ३२ मत छ भने कांग्रेससँग २४ हजार ५९ मत छ । राप्रपासँग पाँच हजार नौ सय २२ मत रहेको क्षेत्रमा माओवादीसँग तीन हजार नौ सय पाँच, एकीकृत समाजवादीसँग एक हजार दुई सय ५२ र लोकतान्त्रिक समाजवादी पार्टीसँग दुई सय ६२ मत छ ।

नयाँ थपिएको मतदाता र चुनावको मुखमा दल अदलबदलको क्रमले चुनावी प्रतिस्पर्धा पेचिलो बन्ने निश्चित छ ।रासस

# स्थिर सरकारका लागि एमाले : अध्यक्ष ओली

चितवन । नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले स्थिर सरकारका लागि आसन्न निर्वाचनमा नेकपा एमालेले जित्नुपर्ने बताउनुभएको छ । नेकपा एमाले चितवनले सोमबार यहाँ आयोजना गरेको चुनाबी सभालाई सम्बोधन गर्नुहुँदै उहाँले विगतमा स्थिर सरकार बन्न नसकेको भन्दै अब स्थिर सरकारका लागि एमालेलाई मतदान गर्नुपर्ने बताउनुभयो ।

जहाँ नेपाली त्यहाँ एमाले भन्दै उहाँले भन्नुभयो, “जोसँग भिजन, मिसन, नीति, कार्यक्रम योजना छ, त्यो सरकारमा जानुपर्छ”, जनतालाई कसरी सुखी र खुशी बनाउने, देशलाई सम्बृद्ध कसरी वनाउने त्यो ठाउमा कसरी पुग्ने भन्ने एमालेको उद्धेश्य रहेको भन्दै उहाँले थप्नुभयो, “जोसँग नीति छ त्यस्ले स्थिर सरकार बनाउँदै नीति कार्यान्वयन गर्न समय पाउनुपर्छ ।” सामाजिक न्याय र समानता सहीतको सम्वृद्धि नै समाजबाद भएको भन्दै उहाँले त्यसको प्राप्तीका निम्ति एक ढिक्का भएर अगाडि वढ्नुपर्ने बताउनुभयो । नेता कार्यकर्तालाई जनता बीचमा पुगेर आफ्ना नीति र कार्यक्रमको बारेमा जानकारी गराउन उहाँले निर्देशन दिनुभयो ।

पार्टी भत्र अब गुटवन्दी नरहेको भन्दै उहाँले भन्नुभयो, “अब पार्टीमा गुटबन्दी छैन । पार्टी एक ढिक्का छ । यो सत्य र तथ्यलाई मनन् गरेर अघि वढ्नुस् ।” देशमा लोकतन्त्र, विकास, सुशासनको मार्गमा अगाडि वढ्न जो सहमत हुन्छ उसँग एमाले सहमत हुने र सहकार्य गर्ने उहाँले बताउनुभयो । यसैअनुरुप पार्टी भन्दा बाहिरका उम्मेदवारलाई सहयोग गरिएको उहाँले बताउनुभयो । नेकपा एमालेको सरकार एमालेका लागि नभई आम जनताको खुशीका लागि भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “एमाले आउँदो सरकारमा जानैपर्छ, चुनाबमा बहुमत ल्याउँनैपर्छ ।” देशलाई विभिन्न स्वार्थ समूहहरूले घेराबन्दीमा राखेको भन्दै उहाँले लोकतान्त्रिक गठवन्धनका नेताहरूको कडा आलोचना गर्नुभयो । देशका दुर्गम भूभागमा पुगेपछि आँफुलाई उर्जा मिलेको भन्दैं उहाँले राष्ट्रियता, लोकतन्त्र, सुशासन र विकासको पक्षमा एमाले अघि वढ्ने बताउनुभयो ।

सभामा नेकपा एमालेका उपाध्यक्षद्धय रामबहादुर थापा र सुरेन्द्र पाण्डेले एमाले सरकारले गरेका कामहरू र एमाले सरकारमा आएपछि गर्ने कामहरूका बारेमा जानकारी गराउँदै अबको सरकार एमालेको बन्नुपर्ने बताउनुभयो । कार्यक्रममा नेकपा एमाले क्षेत्र नम्बर २ का उम्मेदवार कृष्णभक्त पोखेल, क्षेत्र नम्बर ३ मा एमालेले समर्थन गरेका उम्मेदवार दिनेश कोइराला, क्षेत्र नम्बर ३ ख मा एमालेका तर्फबाट उम्मेदवार सरस्वती बिष्ट, नेकपा एमाले चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने लगायतले बोल्नुभएको थियो ।रासस

# निकुञ्ज ऐन संशोधन गर्छौं : कोइराला

कावासोती । नेपाली कांग्रेसका नेता एवं पूर्वी नवलपरासी क्षेत्र नं १ प्रतिनिधिसभाका उम्मेदवार शशाङ्क कोइरालाले वर्षौंदेखि मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र निकुञ्जबाट सिर्जित समस्या समाधानका लागि राष्ट्रिय निकुञ्ज ऐन संशोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।

मङ्गलबार यहाँ आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता कोइरालाले पञ्चायतकालीन राष्ट्रिय निकुञ्ज ऐनकै कारण समस्या भएको बताउनुभयो । निकुञ्ज प्रभावित क्षेत्रका जनताका समस्या समाधानका लागि ऐन संशोधन आवश्यक भएको बताउनुभयो ।

“ऐनकै कारण निकुञ्ज र मध्यवर्ती क्षेत्र प्रभावित बस्तीमा विकास निर्माणले गति लिन सकेको छैन, निर्वाचनपछि गठबन्धनको सरकारले ऐन संशोधन गर्छ”, कोइरालाले भन्नुभयो । भूमिहीनलाई पुर्जा वितरण गर्नेदेखि त्रिवेणी दुम्किबास राजमार्गलगायत महत्वपूर्ण योजना ऐनकै कारण अगाडि बढ्न नसकेको कोइरालाको दाबी छ ।

वन्यजन्तुबाट हुने मानवीय र बालीनालीको क्षतिको न्यूनीकरण र उचित क्षतिपूर्तिको व्यवस्था गर्न र मध्यवर्ती र निकुञ्ज प्रभावित क्षेत्रको विकास निर्माणलाई अगाडि बढाउन गठबन्धनका उम्मेदवारले जित्नैपर्ने कोइरालाले बताउनुभएको हो ।

त्यस्तै कोइराला मध्यवर्ती क्षेत्र प्रभावित जनताको जीवनस्तर उकास्न गैंडाकोटदेखि त्रिवेणी जोड्ने नारायणी करिडोरको निर्माण प्रक्रिया निर्वाचन लगत्तै अगाडि बढनेसमेत बताउनुभयो ।रासस

# मतदाताको रोजाइमा पर्नेछु : पोखेल

काठमाण्डु । क्षेत्र नम्बर ७ बाट प्रतिनिधिसभा सदस्य उम्मेदवार आकर्षण पोखेलले स्वतन्त्र उम्मेदवारहरूका एजेन्डा र सक्रियताप्रति मतदाताहरू पनि आकर्षित भएको आफूले पाएको दाबी गर्नुभएको छ । उहाँले मंगलबार एक विज्ञप्ति जारी गर्दै आफू हाम्रो नेपाली पार्टी र लौरो चिह्न अभियानबाट उम्मेदवार रहेको स्पष्ट पार्नुभएको छ ।

उहाँले आफू विजयी हुने दाबी गर्दै भन्नुभयो, “स्थानीय तहको निर्वाचनमा सुरु भएको परिवर्तन खोज्ने अभियानले नै आसन्न निर्वाचनमा पनि निरन्तरता पाउनेमा विश्वास छ ।” उहाँले विगतमा वैकल्पिक दलहरू शक्ति मंगलबार्नमा लाग्दा स्थापित हुन नसकेको बताउनुभयो । “पदमा पुगेपछि मात्र परिवर्तन हुन्छ भन्ने मान्यताबाट अघि बढ्दा समस्या भएको हो”, जारी विज्ञप्तिमा भनिएको छ, “परिवर्तनका लागि पद चाहिन्छ भन्ने छैन । नेताहरूले नीति बनाउने र नीति कार्यान्वयन भए विकास हुने उहाँको भनाइ छ । फलानोले जित्यो भने विकास हुन्छ भन्ने मानसिकता हटाउनुपर्छ ।”

उहाँले आफू कुनै अमुक दलको उम्मेदवार भएको भनि गरिएको प्रचारको खण्डन गर्नुभएको छ । वर्तमान निर्वाचन प्रणालीका कारण पनि सक्षम उम्मेदवार आउन कठिन भएको दाबी गर्दै चुनाव खर्चिलो भएको बताउनुभयो ।रासस


## ऋणको सावा तथा व्याज बुझाउने सम्बन्धि सूचना

यस जगदम्बा वचत तथा ऋण सहकारी संस्था लि. जनकपुर उ.म.न.पा. ११ मिल्स एरिया बाट ऋण लिएको निम्न उल्लेखित ऋणको भाखा नाघेको तपाई ऋणीहरुलाई पटक-पटक लिखित तथा मोखित रुपमा ऋणको सावा, व्याज तथा हर्जाना बुझाउन अनुरोध गर्दा पनि हाल सम्म भुक्ता न गरेको हुनाले यो अन्मित पटक ऋणको सावा, व्याज तथा हर्जाना बुझाउन यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सावा, व्याज तथा हर्जाना चुक्ता गर्नको लागि तिररो तिरेको भए प्रमाण समेत लिई यस संस्थामा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ । सूचनामा दिईएको म्याद भित्र ऋणको सावा, व्याज तथा हर्जाना चुक्ता नगरेमा कानून बमोजिम धितो निलाम गरी असूल गरिने व्यहोरा जानकारी गराईएको छ ।

| क्र.सं. | ऋणीको नाम ठेगाना | ऋणीको बाबुको नाम | ऋणीको बाजेको नाम |
|---|---|---|---|
| १ | श्री राज कुमारी यादव ठेगानः- जि. धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री राम प्रगास यादव (पति) | श्री शत्रुधन यादव (ससुरा) |
| २ | श्री रन्जु देवी ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री रामजी राउत (पति) | श्री लखन राउत (ससुरा) |
| ३ | श्री राम सेवक यादव ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री सरयुग यादव | श्री देवन यादव |
| ४ | श्री रामनाथ यादव ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री फूलगेन यादव | श्री बालचन यादव |
| ५ | श्री रामनाथ नायक सूडी ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री अनचीत सूडी | श्री थोल्लाक्षी नायक सूडी |
| ६ | श्री पवन देवी ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री एकवाल मुसहर (पति) | श्री दुखरन मुसहर (ससुरा) |
| ७ | श्री रिझन ठाकुर ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री सहदेव ठाकुर | श्री रपण ठाकुर |
| ८ | श्री सियालाल पासमान ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १३ | श्री निरगुन पासमान | श्री बूनिया पासमान |
| ९ | श्री वेचन राउत ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री वतहु राउत | श्री गोसाई राउत |
| १० | श्री रामखेलावन शर्मा ठेगानाः- जि.धनुषा, जनकपुर उ.म.न.पा. १४, मुजेलिया | श्री लहुरी शर्मा | श्री दरवारी शर्मा |

**जगदम्बा वचन तथा ऋण सहकारी संस्था लि.**
जनकपुर उ.म.न.पा.११, मिल्स एरिया



मधेश प्रदेश सरकार

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

जनकपुरधाम, धनुषा

## चमेना गृह संचालन सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७९/०७/३०

यस प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधामको परिसरभित्र रहेको चमेना गृह भवनमा केन्द्रमा कार्यरत कर्मचारी, प्रशिक्षण समयमा सहभागी प्रशिक्षक, प्रशिक्षार्थी एवं सहयोगी कर्मचारीहरुलाई चिया, खाजा, खाना खुवाउन चमेनागृह व्यवस्थित रुपमा संचालन गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र इच्छुक आपुर्तिकर्ता वा होटेल संचालकले प्रस्ताव पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ ।

**शर्तहरु**

१. निम्न अनुसारको कागजात संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको १२ बजेभित्र दरभाउदाताको नाम, ठेगाना, फोन नं. र ईमेल समेत स्पष्ट खुलाई फर्मको छाप लगाई यस कार्यालयको कोठा नम्बर ६ मा पेश गर्नुपर्ने छ ।

**पेश गुर्नपर्ने आवश्यक कागजात**

१.यस केन्द्रको राष्ट्रिय बाणिज्य बैंकको खाता नं. १०००१००२०००१०००० कार्यालय कोड ३०१००१७०२२, राजश्व शिर्षक नं. १४२२९ मा रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) फिर्ता नहुने गरी दाखिला गरेको राजश्व भौचर
२.चमेना गृह होटल संचालन सम्बन्धि व्यवसाय दर्ता तथा नवीकरण गराएको प्रमाणपत्रको छायाँकपी
३. प्यान/भ्याट नं. दर्ताको प्रमाणपत्रको छायाँकपी
४. आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण पत्रको छायाँकपी
५. संचालकको नागरिकता प्रमाणपत्रको छायाँकपी, सम्पर्क नं. र हालको ठेगाना समेतको विवरण
६. चमेना गृह, होटल संचालन सम्बन्धि अनुभवका कागजातहरु
७. कालो सूचीमा नपरेको स्वघोषणा पत्र

२. दरभाउपत्रको प्रस्ताव आव्हानको कागजात यस कार्यालयको कोठा नम्बर ६ बाट प्राप्त गर्न सकिनेछ । दरभाउसँग सम्बन्धि कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नुपर्नेछ । प्राप्त भएका दरभाउहरु मिति २०७९/८/१५ गते दिउँसो २ बजे कार्यालयमा प्रतिनिधिहरु र दरभाउदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउ बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. दरभाउ जमानत प्रदेश लेखा नियन्त्रण कार्यालयको नाममा रहेको रा.बा. बैंक जनकपुरधामको धरौटी खाता नं. १२२०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल बैंक भौचर (यस कार्यालयको नाममा जम्मा भएको देखिने गरिएको) वा सो बराबरको नेपाल राष्ट्र बैंक बाट ‘क’ वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नं अनिवार्य रुपमा उल्लेख भएको दरभाउ जमानत (दरभाउ दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२०दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ । बैंक मार्फत दरभाउ जमानत पेश गर्नेहरुको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउ जमानत फारम अनुसार नै पेश भएको मात्र मान्य हुनेछ ।

| विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|
| Procurement of Canteen Service | ५०,०००।- | १०००।- | |

५. दरभाउदाताको दरभाउमा दर रेट भर्दा मूल्य अभिवृद्धि कर सहितको दररेट उल्लेख गर्नुपर्ने छ । दरभाउमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा आधिकारिक सहिछाप गरेको हुनु पर्नेछ । सारभूत रुपमा न्यूनतम एकमुष्ट मुल्यांकित एक फर्म मात्र छनौट गरिनेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । दरले परिमाणसँग गुणन गरी आएको मुल्य गल्ति हुन गएमा दर अनुसार परिमाणको मुल्य परिवर्तन गरिनेछ । मुल्य केरमेट नभएको कागजातमा सहिछाप भएको हुनुपर्ने छ ।

६. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी दरभाउमा भाग लिएको पाइएमा सो दरभाउ रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धि निकायमा सिफारिश गरिन्छ । म्याद नाघी आएको, रित नपुगेको र सशर्त पेश भएको दरभाउहरु मान्य हुनेछैन ।

७. आफुले उपलब्ध गराउने चिया, खाजा, खाना यसै साथ संलग्न स्पेसिफिकेसन बमोजिमको हुनुपर्ने छ ।

८. दरभाउ स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक वा आइटमवाईज रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ । यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश सार्वजनिक खरिद ऐन अनुसार हुनेछ ।

९. यो सूचना यस केन्द्रको वेबसाईट https://prtc.madhesh.gov.np/ मा हेर्न सकिनेछ ।

**१०. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु**

१. खाना खाजाको अधिकतम दररेट प्रस्ताव फारम यस केन्द्रबाट उपलब्ध गराईनेछ
२. रकमको भुक्तानी यस केन्द्रबाट जारी (सही छापसहित) कुपन बराबरको रकमको मात्र हुनेछ । बिना कुपन कसैलाई खाजा वा खाना खुवाएमा सोको भुक्तानी यस केन्द्रबाट हुनेछ ।
३. प्रस्ताव गरिएको दररेट मिति २०८० साल असार मसान्तसम्मका लागि मान्य हुनेछ ।
४. यस केन्द्रको भवन प्रयोग गरेवापत न्यूनतम शुल्क मासिक रु. ७,०००।- (अक्षरेपी रु. सात हजार मात्र) हुनेछ । प्रस्तावदाताले सो मासिक शुल्क रकम थप गरी प्रस्ताव पेश गर्न सक्नेछ ।
५. खानेपानी र विद्युत महसुल अतिरिक्त लाग्नेछ । कम्तीमा जारको खानेपानी (गुणस्तरीय र पेययोग्य) उपलब्ध गराउनु पर्नेछ ।
६. यस केन्द्रको Canteen भवनमा रहेको जिन्सी सामानहरु (पंखा, फर्निचर, भवन संरचना लगायत) को सुरक्षा स्वीकृत प्रस्तावदाताले गर्नुपर्ने छ र सो सामाग्री नष्ट वा टुटफुट भएमा निज प्रस्तावदाताबाट असुलउपर गरिनेछ । सम्झौता सकिए पश्चात उक्त सामाग्रीहरु चालु अवस्थामा फिर्ता गर्नुपर्नेछ ।
७. चमेना गृह धुम्रपान, मध्यपान लगायत प्रचलित कानून बमोजिम निषेधित सामाग्रीहरुको बिक्री वितरण तथा सेवन गर्न पाइने छैन, सो भएको पाइएमा कानून बमोमि दण्डनीय हुनेछ ।
८. केन्द्रको लिखित निर्देशन स्वीकृत प्रस्तावदाताले अनिवार्य रुपमा पालन गर्नुपर्नेछ ।
९. चमेनागृह संचालनका कारण श्रृजित फोहोर मैलाको व्यवस्थापनको जिम्मेवारी स्वीकृत प्रस्तावदाताको हुनेछ ।
१०. चमेनागृहको खाजा, खानाको गुणस्तर, सरसफाई, स्टाफको व्यवहार राम्रो नदेखिएमा वा सम्झौता बमोजिम शर्त पालना नभएको पाईएमा सम्झौता रद्द हुनेछ ।
११. खाद्‌य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट समय समयमा खाजा, खानाको गुणस्तर अनुगमन गरिने छ र तोकिएको मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाहीको भागी हुनुपर्नेछ ।

**कार्यकारी निर्देशक**

# ‘आर्थिक पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी अपरिहार्य’

**सिन्ह्वा**

बाली । चीनका राष्ट्रपति सी चिनफिङले कोभिड-१९ का कारण तहसनहस भएको विश्वअर्थतन्त्रको पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी अपरिहार्य भएको बताउनुभएको छ।

विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीको सत्रौँ बैठकलाई आज यहाँ सम्बोधन गर्दै उहाँले आर्थिक पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी र सहकार्य आवश्यक भएको बताउनुभयो।

चिनियाँ राष्ट्रपतिले जनतालाई केन्द्रमा राखेर विकासलाई प्राथमिकता दिनुपर्ने, विकासोन्मुख देशका समस्या समाधानमा चासो दिनुपर्नेमा जोड दिँदै कोभिडविरुद्धको अन्तरराष्ट्रिय सहयोगलाई निरन्तरता दिनुपर्ने बताउनुभयो।आर्थिकपुनरुत्थानका निम्ति पनि उपयुक्त वातावरण बनाउन आवश्यक भएको उहाँले बताउनुभयो।

विश्वव्यापीरूपमा बढेको मूल्यवृद्धिलाई नियन्त्रण गर्नुपर्ने, प्रणालीगत आर्थिक एवम् वित्तीय जोखिम घटाउनुपर्ने, सुदृढ अर्थतन्त्र भएका राष्ट्रका मौद्रिक नीतिको समायोजनबाट परेको प्रभाव कम गर्नेतर्फ लाग्नुपर्ने तथा उनीहरूको ऋणलाई दिगोस्तरमा राखेर बढ्दो ब्याजबाट जोगाउनुपर्ने आवश्यक राष्ट्रपति सीले औँल्याउनुभयो।

वर्तमान विश्वले सामना गर्नुपरेका विविध चुनौती सामना गर्न सबै देशले साझा भविष्यलाई सम्झेर सामुदायिक दृष्टिकोण अँगाल्नुपर्ने, विकासको बाटोमा अग्रसर देशलाई थप सहयो गर्नुपर्ने, सन्तुलित विकाका निम्ति उनीहरूलाई सघाउनुपर्ने, विश्वको प्रगतिलाई अगाडि बढाउन तथा मानव जातिको उन्नयन र शान्तिका लागि उदाहरणीय नेतृत्वका लागि विश्व नेतालाई उहाँले आह्वान गर्नुभयो।

राष्ट्रपति सीले खाद्यान्न र ऊर्जाका विषयलाई राजनीतिकरण गर्ने, तिनलाई हतियारका रूपमा प्रयोग गर्ने प्रवृत्तिको दृढतापूर्वक विरो गर्नुपर्ने, एकतर्फीरूपमा लगाइएका प्राविधिक एवम् अन्य क्षेत्रका सबै प्रतिबन्ध हटाउनुपर्ने बताउनुभयो।

आधुनिकीकरणको दिशामा अग्रसर चीनले विश्वका लागि थप अवसरहरू सृजना गर्ने, अन्तरराष्ट्रिय सहयोगलाई गतिदिने तथा मानव प्रगतिका निम्ति सक्दो योगदान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अफ्रिकी सङ्घलाई समूहमा सामेल गर्न चीनको समर्थन रहेको चिनियाँ राष्ट्रपतिले बताउनुभयो । उहाँले विश्वको विकासलाई थप समावेशी, सबैका लागि लाभदायक एवम् थप लचिलो बनाउनुपर्ने बताउँदै तीनबुँदे प्रस्ताव पनि प्रस्तुत गर्नुभयो । समूहमा १९ देशसहित युरोपेली सङ्घ सदस्य छन् ।

## चिनियाँ राष्ट्रपति र फ्रान्सेली राष्ट्रपतिबीच भेटवार्ता

**सिन्ह्वा**

बाली । चिनियाँ राष्ट्रपति सी चिनफिङले मङ्गलबार बिहान फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनसँग भेटवार्ता गर्नुभएको छ ।विगत तीन वर्षमा दुई पक्षले विभिन्न माध्यमबाट घनिष्ठ सम्बन्ध बनाएको बताइएको छ। यसै कारण चीन-फ्रान्स सम्बन्धले विकासको सकारात्मक गतिलाई कायम राखेको छ। यी दुई नेताले देशले महत्वपूर्ण सहयोगमा सकारात्मक प्रगति गरेको कुरा औंल्याउनु भएको छ।

हाल विश्व अशान्ति र रुपान्तरणको नयाँ युगमा प्रवेश गरेको उल्लेख गर्दै सीले बहुध्रुवीय विश्वका दुई महत्वपूर्ण शक्ति चीन र फ्रान्स, चीन र ईयूले स्वतन्त्रता र स्वायत्तताका साथै खुलापनको भावनालाई पालना गर्नुपर्ने बताउनु भएको छ। द्विपक्षीय सम्बन्धलाई सही मार्गमा स्थिर प्रगति गर्न र विश्वमा स्थायित्व र सकारात्मक ऊर्जा सहयोग गर्न पनि उहाँहरुबीच वार्ता भएको समाचारमा जनाइएको छ।

## विश्वको जनसङ्ख्या आठ अर्ब पुग्यो, बाह्र वर्षमा एक अर्ब मानिस थपिए

**एएनआई**

नयाँदिल्ली । बितेका १२ वर्षमा एक अर्ब मानिस थपिएसँगै आजदेखि विश्वको जनसङ्ख्या आठ अर्ब पुगेको छ । संयुक्त राष्ट्रसङ्घको प्रक्षेपणअनुसार जन्मदर सुस्त हुन अघि नै विश्वको जनसङ्ख्या आठ ८ अर्ब पुगेको हो । स्वास्थ्य क्षेत्रमा भएको विकासले मानव आयु लम्बिएको छ ।

विश्व जनसङ्ख्या दिवसको अवसरमा सोमबार सार्वजनिक गरिएको वार्षिक विश्व जनसङ्ख्या सम्भावना प्रतिवेदनमा उल्लेख गरेको छ । सन् २०२० मा एक प्रतिशतभन्दा कममा झरेर सन् १९५० यता विश्वको जनसङ्ख्या सबैभन्दा सुस्त गतिमा बढिरहेको देखाएको थियो ।

विश्व जनसङ्ख्या ७ बाट ८ अर्ब पुग्न १२ वर्ष लागेको र यो ९ अर्ब वृद्धि करिब १५ वर्ष लाग्ने अर्थात सन् २०३७ सम्ममा पुग्ने अनुमान गरिएको छ । यो विश्व जनसङ्ख्या बृद्धिको समग्र यो दर सुस्त संकेत पनि हो ।.सन् २०२२ सम्ममा, दोस्रो धेरै जनसङ्ख्या क्षेत्रको रुपमा एशिया रहेको छ । एसियाको पूर्वी र दक्षिण-पूर्वी २.३ अर्ब, मध्य दक्षिण एसियामा २.१ अर्ब रचीन र भारतमा १.४ अर्बभन्दा बढी पुगेको बताइएको छ ।

सन् २०५० सम्ममा विश्वव्यापी जनसङ्ख्याको अनुमानित वृद्धिको आधाभन्दा बढी मात्र आठ देशमा केन्द्रित हुनेछ । ती देशमा कङ्गो, इजिप्ट, इथियोपिया, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स र तान्जानिया रहेका छन् । सन् २०२३ मा चीनलाई उछिनेर विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश भारत बन्ने संयुक्त राष्ट्रसङ्घको अनुमान गरेको छ ।

## सोमालियामा छ सयभन्दा बढीको हत्या

**सिन्ह्वा**

मोगादिसु । सोमालियामा यसै वर्षको जनवरीदेखि यता मात्र छ सयजना भन्दा बढीको हत्या भएको एक राष्ट्रसङ्घीय अधिकारीले जनाएका छन् । उनका अनुसार यहाँ गएको १० महिनामा मात्र छ सय १३ जना सर्वसाधारणको हत्या भएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार सम्बन्धी उच्चायुक्त भोल्कर टर्कले सो कुराको जानकारी दिनुभएको हो । उहाँले यस वर्ष यहाँ सर्वसधारणको हत्या झनै बढेको छ । यहाँका नागरिकको मानव अधिकारको हनन् भएको र उनीहरुको हत्याको अवस्था झन् बढेको भन्दै उच्चायुक्त टर्कले यो निकै नै दुःखद अवस्था भएको पनि जानकारी दिनुभएको हो।

सोमबार प्रकाशन गरिएको विज्ञप्तिमा उहाँले अझै कति सोमालियाली सर्वसाधारण नागरिकको ज्यान जाने हो भन्ने निश्चित नरहेको र यो अवस्था भनेको निकै नै दुःखद अवस्था हो भन्दै यहाँको हिंसाको अन्त्यको बाटो खोज्न पनि सुझाउनुभएको छ।

सोमालियाका अल सेबाब हिंसात्मक विद्रोहीहरुले पछिल्लो समयमा नागरिक हत्याको शृंखलालाई झन् बढाएको देखिएको पनि उहाँले बताउनुभएको छ ।यहाँका विद्रोहीहरुले विस्फोटक पदार्थको प्रयोग गरेर नागरिकको हत्या गर्ने गरेका उहाँले बताउनुभयो । उहाँले अल सेबाब विद्रोहीहरुले करिब ९४ प्रतिशत हत्या यस्ता विस्फोटक पदार्थको प्रयोगबाट गर्ने गरेका र त्यसपछि उनीहरुले आत्मघाती हमला पनि गर्ने गरेका पाइएको उहाँले जानकारी दिनुभयो ।

## विश्वव्यापी चुनौती सामनाका लागि ऐक्यबद्ध हुन अपिल

**सिन्ह्वा**

बाली। संयुक्त राष्ट्रसङ्घ महासचिव एन्टोनियो गुटेरेसले विश्वमा हाल देखा परिरहेका साझा र विश्वव्यापी चुनौती सामनाका लागि ऐक्यबद्ध हुन अपिल गर्नुभएको छ ।विश्वमा पछिल्लो समयमा विभिन्न समस्याहरु देखिएकाले ती समस्या तथा चुनौतीको समाधानका लागि विश्वका नेता एकताबद्ध भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभएको हो।

इन्डोनेसियाको बालीमा आजदेखि हुन लागेको ग्रुप अफ ट्वान्टी (जि२०) सम्मेलनको पूर्वसन्ध्यामा उहाँले सो समूहका नेताहरुलाई उक्त अपिल गर्नुभएको हो । जलवायु परिवर्तनका कारण उत्पन्न समस्या मानव जीवनका निम्ति एक प्रमुख चुनौतीका रुपमा देखिएकाले जलवायु परिवर्तनका असर कम गर्न तथा त्यसको प्रभावबाट विश्वलाई बचाउन सबै लाग्नुपर्ने बताउनुभयो।

जलवायु परिवर्तनका कारण उत्पन्न समस्या समाधानका लागि जि२० समूहका देशले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताउँदै उहाँले स्वास्थ्य, शिक्षा, लैंगिक समानता, नवीकरणीय ऊर्जालगायत क्षेत्रमा समूहले लगानी गर्नुपर्ने सुझाव दिनुभयो।

महासचिव गुटेरेसले जलवायु परिवर्तनको असर कम गर्न राष्ट्रसङ्घले अघि सारेको ‘एजेण्डा’ तथा सम्झौता कार्यान्वयनमा इमानदार बन्न आग्रह गर्नुभयो।

## पाकिस्तानी प्रधानमन्त्री कोरोना संक्रमित

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफ मङ्गलबार कोरोना सङ्क्रमित हुनु भएको छ।

सूचना तथा प्रसारण मन्त्री मरियम औरङ्गजेबले विज्ञप्ति जारी गर्दै बेलायतको पाँच दिने भ्रमणबाट फर्किएका प्रधानमन्त्रीलाई कोभिड-१९ सङ्क्रमण देखिएको बताउँनु भएको छ।

मन्त्रीका अनुसार प्रधानमन्त्री सरिफ चिकित्सकको सल्लाहमा निगराणिमा रहनु भएको छ।

यसै बीच पाकिस्तानको राष्ट्रिय सभाका सभामुख राजा परवेज अशरफले प्रधानमन्त्रीको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

# विश्वकप फुटबलमा कसैले भेट्टाउन नसकेको ज्याफ हर्सटको रेकर्ड

**एजेन्सी**

काठमाण्डु । ज्याफ हर्सट इंगलयाण्डको खेलकुदमा आइकन व्यक्तित्व हुन्। उनी क्रिकेट र फुटबल दुबैमा अब्बल खेलाडी हुन्।

क्रिकेटमा ज्याफ राम्रा फिल्डर थिए। उनले सन् १९६२ मा काउन्टी च्याम्पियनसिपका लागि क्रिकेट खेलेका थिए। यो प्रतियोगिता इंगल्याण्ड तथा वेल्सको क्रिकेट बोर्डले आयोजना गर्छ। त्यहाँ उनले राम्रो विकेट किपिङ गरेका थिए।

सन्१९६६ मा उनले इंग्ल्याण्डबाट फुटबलको विश्वक खेल्ने मौका पाए। त्यस वर्षको फाइनलमा उनले राखेको रेकर्ड हालसम्म पनि कसैले तोड्न सकेको छैन।

सन् १९६६ मा विश्वकप खेल्नुअघि केही अन्तर्राष्ट्रिय खेलमा ज्याफ इंग्लाण्डबाट डेब्यु गरिसकेका थिए। फुटबलमा पनि अब्बल उनले विश्वकपका खेलमा राम्रो प्रदर्शन मात्रै गरेनन्।

आफ्नो नाममा रेकर्ड बनाए। ज्याफको नाममा विश्वकपको



फाइनल खेलमा ह्याट्रिक गरेको रेकर्ड छ। विश्वकपको फाइनल खेलमा ह्याट्रिक गर्ने उनी एक मात्रै खेलाडी हुन्। उपाधी चुम्नका लागि पश्चिम जर्मनीसँग भएको खेलमा उनले ह्याट्रिक गरेका थिए।

रोचक कुरा के छ भने फाइनल खेलमा चम्किएका उनी क्वाटर फाइनल अघि बेञ्चमा थिए। त्यसबेलाका स्टार खेलाडी जिमी ग्रीभ्सलाई चोट लागेपछि ज्याफले क्वाटरफाइनलबाट मैदानमा आउने मौका पाए। सेमि फाइनलमा इंग्लाण्डले पोर्चुगलका विरूद्ध २ गोल गर्दा ज्याफले व्यक्तिगत १ गोल गरेभने अर्को गोल उनकै सहयोगमा भएको थियो।

सेमिफाइनल चरणको खेल सकिँदा ग्रिभ्स स्वस्थ थिए तर व्यवस्थापकले ग्रिभ्सलाई बेञ्चमै राख र ज्याफलाई मैदानमै निरन्तरता दिने निर्णय लिए। उत्कृष्ट प्रदर्शनमार्फत व्यवस्थापकको निर्णय सही रहेको ज्याफले प्रमाणित गरिदिए।

सन् १९६६ को विश्वकप फाइनलमामा बल प्रहार गर्दै रातो जर्सीका ज्याफ हर्सट।

सन् १९५८ मा ज्याफले, १५ वर्षको उमेरमै वेस्ट ह्याम क्लबबाट मिडफिल्डरका रूपमा डेब्यु गरेका थिए। उनी सन् १९६१ मा मात्रै पहिलो गोल गर्न सफल भए। सन् १९६४ मा क्लबलाई फुटबल एशोसियसन च्यालेन्ज कप दिलाउन सफल भए। यस्तै सन् १९६५ मा इंगल्याण्डलाई युरोपियन कप समेत दिलाए।

सन् १९६५ देखि ६६ यताका खेलमा ज्याफले ४० गोल गरेका थिए। ज्याफले लामो दुरीबाट गर्ने प्रहार, बललाई पकडमा राख्ने क्षमता र आक्रामक कौशलका कारण सबैलाई लोभ्याइरहेका थिए। उनलाई क्लबाट जान नदिन रोन ग्रीनवडले ६ वर्षको सम्झौता गरे। त्यसबेलासम्म ज्याफले १४ खेलबाट क्लबका लागि २२ गोल गरिसकेका थिए। उनको प्रदर्शनबाट लोभिएका म्यानचेस्टर युनाइटेडका व्यवस्थापक म्याट बब्बीले २ लाख पाउण्ड तिरेर लान तयार भएको प्रस्ताव गरे। ग्रीनवुडले उनको प्रस्तावलाई ठाडै नकारे।

सन् १९७२ सम्म उनी क्लब तथा राष्ट्रका पहिलो छनौटमा उनै पर्थे। वेस्ट ह्यामका लागि ४९९ खेलबाट २४८ गोल गरेका ज्याफलाई पछि स्टोक सिटीले खरिद गऱ्यो। त्यहाँ पनि उनी लयमै थिए।

सन् १९७६ देखि ज्याफले खेलबाट अवकाश लिएका थिए। सन् १९६६ मा वेम्बली स्टेडियममा भएको विश्वकप फाइनलमा पश्चिम जर्मनीलाई इंग्ल्याण्डले ४-२ ले स्तब्ध बनाउँदा ज्याफलेनै ह्याट्रिक गरेका थिए। उनीपछि कसैले पनि विश्वकपको फाइनलमा ह्याट्रिक गर्न सकेका छैनन्।

## शहीद स्मारक ‘सि’ डिभिजन लिग फुटबल वैशाखमा

काठमाण्डु । अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा हुने नयाँ सिजनको शहीद स्मारक ‘सी’ डिभिजन लिग फुटबल प्रतियोगिता आगामी वैशाख २२ गतेदेखि सुरु हुने भएको छ।

एन्फा अध्यक्ष पङ्कज विक्रम नेम्वाङ, उपाध्यक्ष दावा लामालगायत एन्फा पदाधिकारीले हिजो सोमबार ‘सी’ डिभिजन क्लबसँगको छलफलमा वैशाख २२ गतेदेखि प्रतियोगिता सुरु गर्ने निर्णय गरेको हो।

एन्फाले नयाँ सिजनको ‘सी’ डिभिजन क्लबलाई दिने तयारी खर्चसमेत बढाएको छ। एन्फाले यसपटक तयारी खर्चबापत क्लबलाई रु ११ लाख दिने भएको छ। यसअघि सी डिभिजन क्लबलाई रु नौ लाख ५० हजार दिर्दै आएको थियो ।रासस

## टेनिस सुपरस्टार नोभाकमाथिको भिसा प्रतिबन्ध अष्ट्रेलियाले फुकुवा गर्ने

**एजेन्सी**

काठमाण्डु । टेनिसका पूर्व विश्व नम्बर १ खेलाडी नोभाक जोकोभिचमाथि लगाएको भिसा प्रतिबन्ध अष्ट्रेलियाले फुकुवा गर्ने भएको छ।

प्रतिबन्ध फुकुवा भएसँगै जोकोभिचलाई सन् २०२३ को अष्ट्रेलियन ओपन खेल्ने बाटो खुला भएको सिएनएनले जनाएको छ।

गत वर्ष कोरोनाको खोप नलगाइकन मेलबर्न पुगेपछि त्यहाँको अध्यागमन मन्त्रालयले जोकोभिचको भिसा खारेज गर्दै स्वदेश फिर्ता पठाइदिएको थियो। त्यस घटनापछि अष्ट्रेलियाले सार्वजनिक स्वास्थ्यमा खेलवाड गरेको भन्दै उनलाई ३ वर्ष भिसा प्रतिबन्ध लगाएको थियो।

खोप लगाएमा टेनिस प्रतियोगितामा सहभागी हुन दिने शर्त राखे पनि जोकोभिचले खोप नलगाउने अडान कायम राख्दै त्यस वर्षको खेल नै बहिष्कार गरेका थिए।

अष्ट्रेलियन टेनिसका प्रमुख कार्यकारी अधिकृत क्रेगस टेलीले जनवरीमा हुने प्रतियोगितामा जोकोभिच सहभागी हुने बताए।

‘अष्ट्रेलिया छिर्नका निम्ति अध्यागमनले सबैलाई एउटै मापदण्डमा व्यवहार गर्छ। कसैलाई पनि विशेष व्यवहार हुन्छ र हुनुपर्छ जस्तो मलाई लाग्दैन। अन्य खेलाडीझैं जोकोभिच पनि यसपटक अष्ट्रेलिया आउँछन् भन्नेमा म विश्वस्त छु,’ उनले भनेका छन्।



## Invitation for Bids

### Bishnupur Rural Municipality
### Office of Rural Municipal Executive
### Saptari, Madhesh Province, Nepal
### Invitation for Bids No: NCB/01/2079/80

**Date of publication: 16 Nov 2022**

1. Bishnupur Rural Municipality, Saptari has allocated funds or received a loan/credit/grant from [GoN] towards the cost of Construction / Upgrading of Parsahi Thalahi Road & Drain and intends to apply part of the funds to cover eligible payments under the Contract for [Construction / Upgrading of Parsahi Thalahi Road & Drain, Contract ID : NCB/SK/03/2079/80]. Bidding is open to all eligible as per Section V of bidding document.
2. Bishnupur Rural Municipality Saptari invites sealed bids or electronic bids from eligible bidders for the construction of Construction / Upgrading of Parsahi Thalahi Road & Drain, Contract ID : NCB/01/2079/80 under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs 31.60million.
   - Minimum Work experience of road project of similar size and nature: at least one road project with value NRs. 15.00 million.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bishnupur Rural Municipality, Saptari or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the office Bishnupur Rural Municipality, Saptari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Nrs. 5000.00 till 15 December 2022 during office hours. Or

   Bidder to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** NCC Bank Ltd. Bishnupur -6, Saptari

   **Name of Office :** Office of the Rural Municipal Executive

   **Account Name :** Bishnupur Rural Municipality, Saptari

   **Office Account no.:**1410000016801
6. Pre-bid meeting shall be held at Office of Rural Municipal Executive, Bishnupur, Saptari at 13:00, 30 Nov 2022.
7. Only electronic bids must be submitted to the office Bishnupur Rural Municipality, Saptari through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 15 Dec 2022. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 16 Dec 2022 at the office of Bishnupur Rural Municipality, Saptari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Nrs. 8,85,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. (i.e.90/120 days)
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# वीरगञ्जमा मुख्यमन्त्रीप्रति आक्रोश

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको राजधानी वीरगञ्ज नबनेर जनकपुरधाम बनेपछि आसन्न निर्वाचनमा मुख्यमन्त्री लालबाबु राउतका प्रतिद्वन्द्वीहरुले त्यसलाई नै प्रमुख एजेण्डा बनाएर मत मागिरहेका छन् । पर्साको निर्वाचन क्षेत्र नम्बर १ को (ख) मा उम्मेदवारी दिएका राउतका प्रतिद्वन्द्वीहरुले मख्यमन्त्रीकै सर्मथनमा जनकपुरधाम स्थायी राजधानी बनेको आरोप लगाएर मत मागिरहेका छन् ।



मुख्यमन्त्री राउतले ०७४ को निर्वाचनमा वीरगञ्जमा राजधानी बनाउने आश्वासन दिएका थिए । तर उक्त आश्वासन पूरा नगरेको भन्दै अहिले वीरगञ्जबासी आक्रोशित भएका छन् । उनले पांच बर्ष वीरगञ्जबासीलाई धोका दिएको आक्रोश चुनावको समयमा जनमतमाभ्क देखिन थालेको छ। राजधानी बारे मुख्यमन्त्री राउतको निर्णय गलत रहेको भन्दै यसलाई सच्याउन नारायणी रंगशालालाई प्रादेशिक बनाउन वीरगञ्जबासीले दबाब दिन थाले।

त्यसपछि आन्दोलनसहितको पाँच बुँदे कार्यक्रम घोषणा भयो । प्रदर्शन र बिरोधको कार्यक्रम सुरु भयो । नेता राजेशमान सिंहको उक्त कार्यमा भूमिका थियो। आन्दोलन अघि बढ्यो तर राउत र प्रदेश सरकारको अनुदारताका कारण समयक्रम सगैं सेलाएर गयो । आज मत माग्न राउत स्थानीयबासीको दैलोमा पुगको बेला वीरगन्जसंग किन धोका गरेको भनी सवाल गर्न जरुरी रहेको युवा नेता राकेश यादवले स्मरण गरे।

### यस्तो थियो प्रकरण

वीरगन्जमा निर्णयको विरोध भएपछि उता जनकपुरधाममा प्रदेश सरकार केही दिन बचाउमा उत्रियो। वीरगन्जमा सुरुभएको प्रदर्शन लगायतको कार्यक्रमहरुकै क्रममा २०७५ मंसिर २८ मा मुख्यमन्त्री कार्यालयले विज्ञप्ति जारी गरेर आफ्नो पूर्व निर्णयलाई खण्डन गरेको थियो । मुख्यमन्त्रीको कार्यालयले जारी गरेको विज्ञप्तिमा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेटमा प्रदेशस्तरको रंगशाला बनाउने कुनै कार्यक्रम रहेको छैन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव हरिप्रसाद फुयालले जारी गरेको विज्ञप्तिमा 'जनकपुरमा प्रदेश सरकारले नभइ संघीय सरकारले प्रादेशिक रंगशाला निर्माणका लागि प्रकृया थालेको' उल्लेख थियो । तर उक्त दाबी वीरगञ्जका जनतालाई भुक्याउनको लागि गरिएको पोल चाँडै खुल्यो ।

कागजातका अनुसार प्रादेशिक रंगशाला निर्माणका लागि जग्गा छनोट गरिदिन आग्रह गर्दै राष्ट्रिय खेलुकद परिषद्ले २०७५ भदौ १० गते प्रदेश सरकारलाई पत्राचार गरेको थियो। ०७५ असोज २५ गते बसेको मन्त्रिपरिषद्को बैठकले प्रादेशिक रंगशाला निर्माणका लागि जनकपुरधाम उपमहानगरपालिका १४ स्थित सात कित्तामा रहेका १६ बिघा १७ कट्ठा जग्गा छनोट गर्ने निर्णय गरेको थियो भन्ने खुल्यो। सो निर्णयको जानकारी सामाजिक विकास मन्त्रालयले गत असोज २६ गते राष्ट्रिय खेलकुद परिषद् लाई पत्र लेखेर दिएका थिए।

यता सार्वजनिक सम्पतिकै रुपमा पर्याप्त १८ बिगहा जग्गा, आधारभूत पूर्वाधार, बेग्लै क्रिकेट रंगशाला र पहिलेदेखि खेलकुद पनि संचालन हुदै आएको नारायणीलाई पाखा लगाउन भाडामा जग्गा लिएर भए पनि जनकपुरमा प्रादेशिक रंगशाला लैजान राउत नेतृत्वको प्रदेश सरकार उद्यत देखिएको छ।

'प्रादेशिक रंगशाला निर्माणको लागि स्थान छनोट' शीर्षकमा असोज ६ मैं सामाजिक विकास मन्त्रमालयका प्रदेश सचिव देवीराम भण्डारीले मन्त्री परिषद्मा पेस गरेको विभागीय मन्त्रीद्वारा स्विकृत प्रस्तावमा असोज २५ को प्रदेश मन्त्री परिषद्को बैठकले गरेको निर्णय सच्याउन वीरगञ्जबाट सर्बपक्षीय आग्रह हुदा कुनै सुनुवाई गरेको छैन् ।

# 'मान्छेले बोक्न नसक्ने पैसा गाडीले बोकेर हिंडेको छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) का मधेश प्रदेश अध्यक्ष तथा बारा निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार रामबाबु कुमार यादवले मान्छेले बोक्न नसक्ने गरेर पैसा गाडीले बोकेर हिंडेको आरोप लगाएका छन् ।



चुनावी घरदैलो कार्यक्रममा उनले सो आरोप लगाउँदै चुनाव अत्यन्तै तड्क भड्क, खर्चिलो र महँगो भएको गुनासो गरेका छन् ।

जनताको अगाडि स्थानीय प्रशासनले यसको जवाफ दिनुपर्छ उनले भने 'अहिलेको महंगीको अवस्था हेर्दा ५० औ लाख रुपैंया उम्मेदवारको गाडी घोडा र पोस्टर ब्यानरमा मात्रै खर्च भएको छ, यस्तो खर्च के को लागि गर्नुपर्यो, पैसाको खोलो बगाएर जनताको पक्षमा काम गर्ने व्यक्तिबाट जसरी पनि मत खोसिदिने गतिविधिहरू अहिले भएका छन् ।'

निर्वाचन आचारसंहिता विपरीत पछिल्लो समय जनप्रतिनिधि आफै चुनाव प्रचारप्रसारमा खट्ने, दर्जनौको संख्यामा भारतीय गाडीको प्रयोग गर्ने,भड्किलो प्रचार साम्रगीहरु पर्चा, ब्यानरहरू गाउँ, गाउँमा प्रयोग भएको उनले आरोप लगाए ।

'हामी सानो आइडी कार्ड लिएर मात्रै चुनाव लड्ने मानसिकतामा थियौ तर यहाँ प्रचार सामग्री, सवारी साधन प्रयोग, मान्छेको प्रयोग निर्वाचन आचारसंहिता विपरीत छ, हामी २ जना उम्मेदवारको ५० जना भन्दा कम मान्छे राखेर प्रचारमा हिंडेका छौ' यादवले भने ।

उनले अन्य दलको भड्किलो चुनाव प्रचार सामग्रीले आफूलाई पनि कार्यकर्ताहरूबाट नैतिक दबाब आएको बताएका छन् । 'आचारसंहिता उलघंन क्रम बढेको छ, अरु दलबाट उलघंन हुदाँ हामीलाई पनि कार्यकर्ता र समर्थकबाट यो गर्नुपर्छ त्यो हुनुपर्छ भनेर दबाब आइरहेको छ' उनले भने 'पार्टीका नेताहरुले यति असर गरे गाउँभरि भकिभकाउ हुने गरी भण्डा, ब्यानर हुँदा प्रशासनले त्यसलाई वास्ता नगरेको देखियो'

निर्वाचन आयोगले गरेको निर्णय अनुसार बाराको ४ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र मध्ये २,३ र ४ नं मा प्रति उम्मेदवार २९ लाख रुपैंया र प्रदेशतर्फ १५ देखि १७ लाख रुपैंया सम्म खर्च गर्न पाउने व्यवस्था छ ।

साथै सबैभन्दा धेरै मतदाता भएको बारा निर्वाचन क्षेत्र नं १ मा संघीय सांसदका उम्मेदवारले ३१ लाख र प्रदेश तर्फ (क) मा १९ लाख र (ख) मा १७ लाखसम्म खर्च गर्न पाउने व्यवस्था छ । सवारी साधनको हकमा भने प्रति उम्मेदवार २ वटा सवारी साधन र प्रचारप्रसारको क्रममा २५ जना सम्म सर्मथक तथा कार्यकर्ता सहभागी गराउन सक्ने व्यवस्था छ ।

यता जिल्ला निर्वाचन कार्यालय बाराका प्रमुख सरोज चौधरीले भने विगतको तुलनामा आचारसंहिता उल्लंघनको घटना अत्यन्त कम भएको बताएका छन् ।

'विगतको तुलनामा निर्वाचनमा मोटरसाइकल, गाडीको प्रयोग धेरै कम भएको छ, हामीले सार्वजनिक स्थलमा टाँगेका ब्यानरहरू पनि हटाइरहेका छौ' अधिकृत चौधरीले जानकारी दिए ।

# एसबीआई बैंकलाई अवार्ड



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल एसबीआई बैंकले अवार्ड प्राप्त गरेको छ ।

सिंगापुरस्थित एसियन बैकिङ एण्ड फाइनान्सद्धारा होलसेल बैकिङ अवार्ड २०२२ अन्तर्गत नेपाल डोमेस्टिक टेक्नोलोजि एण्ड अपरेशन बैक अफ द एयर अवार्ड प्राप्त गरेका छन् । एविएफ होलसेल बैकिग अर्वाडले उत्कृष्ट एवं भरपर्दो बैकिङ सेवा तथा सुविधा प्रदान गर्ने बैकलाई अवार्ड प्रदान गर्दै आएको छ । बैंक सन १९९३ मा स्थापना भएको थियो।

बैकले ५१ जिल्लामा रहेका आफना १ सय २९ आउटलेट मार्फत सबै ग्राहकलाई बैकिग सेवा उपलब्ध गराउदै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

# एमालेका ७० भन्दा बढी कांग्रेसमा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा पनि पार्टी प्रवेशको लहर चलेको छ । सत्ता गठबन्धनका उम्मेदवारले एमालेका कार्यकर्ता तान्ने र एमालेले सत्तागठबन्धनका मतदातालाई पार्टी प्रवेश गराउने क्रम चलेको छ।



यसैक्रममा धनुषाको मिथिला नगरपालिका-८, कुसुमबिछौनामा मंगलबार ७० जनाभन्दा बढी नेकपा एमालेका मतदाता तथा नेता कार्यकर्तालाई कांग्रेसले पार्टी प्रवेश गराएका छन् ।

एमाले परित्याग गरी कांग्रेस प्रवेश गरेका नवप्रवेशीहरुलाई धनुषा-४ प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा नेपाली कांग्रेसका सह-महामन्त्री महेन्द्र यादवले अबिरमाला लगाएर पार्टीमा स्वागत गरेका थिए ।

नेता यादवले एमालेका कार्यकर्तालाई कांग्रेसमा प्रवेश गराउनु दुई दिनअघि अर्थात आइतबार धनुषा-४ प्रतिनिधिसभा सदस्यका उम्मेदवार तथा नेकपा एमालेका नेता रघुवीर महासेठले कांग्रेस र माओवादीको सयौं मतदातालाई पार्टी प्रवेश गरेका थिए । मिथिला नगरपालिका-८ एमालेको किल्ला मानिन्छ ।

# वर्तमान खर्चिलो चुनावी प्रणालीलाई पनि सच्याउनुपर्ने : अध्यक्ष यादव



**टुडे समाचारदाता**

राजविराज। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान खर्चिलो चुनावी प्रणालीलाई पनि सच्याउनुपर्नेमा जोड दिएका छन्।

मंगलबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपामा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

'अहिलको निर्वाचन प्रणाली अति नै खर्चिलो छ' उनले भने, 'पैसा नहुने तर निर्वाचनका लागि योग्य उम्मेदवारले पनि भाग लिन पाउने अवसरका लागि निर्वाचन प्रणालीमा सुधारको आवश्यक छ।'

उनले अगाडि भने, 'त्यसो भए मात्रै सांसदहरुको खरिद-बिक्री बन्द हुनेछ।' उनले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नुपर्ने पनि बताए।'सबै जातजाति, वर्ग र तहको अधिकारका लागि संविधान संशोधन गर्न आवश्यक छ' उनले भने ।

सप्तरीको विकास लागि शिक्षा, स्वास्थ्य, सडक लगायतका पूर्वाधारहरुको विकास आवश्यक रहेको बताउँदै उनले ती कार्यहरु सुरु भइसकेको र आगामी दिनमा पूरा गरेर छाड्ने प्रतिबद्धता जनाए ।

नेता यादवले पहिला छाता निर्वाचन चिह्न लोकतान्त्रिक समाजवादी पार्टीकै रहेकोमा अहिले मधेशीको भावना विपरीत अल्गिएर गएका कारण उनीहरुको आगामी निर्वाचनमा ३ प्रतिशत पनि मत नपुग्ने दाबी गरे ।

नेकपा एमालेका जिल्ला सह-सचिव प्रभाकर सिंह तथा जसपाका प्रदेश कमिटी सदस्य सत्यनारायण यादवको संयुक्त अध्यक्षतामा आयोजित कार्यक्रममा जसपाका नेता तथा पूर्व मन्त्री मृगेन्द्रकुमार सिंह, मधेश प्रदेशका अर्थ मन्त्री शैलेन्द्र प्रसाद साह, पार्टी प्रवक्ता मनिषकुमार सुमन, महिला नेतृ तथा संविधान सभा सदस्य सदस्य रन्जु ठाकुर, पार्टीका केन्द्रीय सदस्य शैलेन्द्रमोहन भा लगायतले सम्बोधन गरेका थिए।

# जिम्मेवार दलहरुले मुलुकलाई बेरोजगार उत्पादन केन्द्र बनाउँदैछन् : शेरचन

**टुडे समाचारदाता**

राजविराज । नेपाली कांग्रेस (विपी) का केन्द्रीय सभापति सुशीलमान शेरचनले जिम्मेवार दलहरुले मुलुकलाई बेरोजगार उत्पादन केन्द्र बनाएको आरोप लागएका छन् ।उनी मंगलबार राजविराज पत्रकार हरुसँग कुरा गर्दै सो आरोप लगाएका हुन् ।



उनले भने, "लाखौं युवा रोजगारीका लागि विदेशिनुले मुलुक बेरोजगार उत्पादन केन्द्र बन्दै गएको पुष्टि हुन्छ।"

उनले आगामी निर्वाचनबाट आफ्नो पार्टी राष्ट्रिय पार्टी बन्ने दाबी समेत गरे । "वर्षौदेखि सत्तामा हालीमुहाली गरिरहेका एमाले, कांग्रेस, माओवादी, जसपा लगायतका दलले अघिसारेको मुद्दा उनीहरुको सत्ता पुनरागमनका लागि मात्र भएको जनताले बुझिसकेका छन, अध्यक्ष शेरचनले भने, देशलाई कंगाल बनाउने यस्ता दल र तीनका उम्मेदवारलाई जनताले अब पत्याउँदैनन्।"

उनले अब जनताले नयाँ सोच र सिद्धान्त बोकेको आफ्नो पार्टीलाई साथ दिने दाबी पनि गरे । पार्टीका महामन्त्री देवेन्द्र प्रकाश पौडेलले आसन्न प्रतिनिधि र प्रदेशसभाको निर्वाचनमा आफ्नो पार्टीले प्रत्यक्षतर्फ ७८ र समानुपातिकतर्फ १ सय ७३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा उतारेको जानकारी दिंदै अत्याधिक स्थानमा बिजयी हुने दाबी गरे।

मंहगी र भ्रष्टाचारले विकराल रुप लिँदै आर्थिक रुपमा टाट पल्टिने अवस्थामा पुगेको मुलुकलाई नेपाली कांग्रेस (विपी) ले नै जोगाउने बताउँदै उनले मुलुकमा सुशासन कायम गर्न, गरिबी निवारण, राष्ट्र र राष्ट्रियता जोगाउने पार्टी पनि आफूहरुकै पार्टी बन्ने ठोकुवा समेत गरे ।

उनले विपी कोइरालाले अंगीकार गरेको बाटोमा पार्टी संचालन भइरहेको जनाउँदै लोकतन्त्रमा जनताको समृद्धि मुख्य कार्यसूची भएको धारणा राखे ।

सो अवसरमा पार्टीका जिल्ला सभापति एवं प्रदेशसभा सदस्य (समानुपातिक) तर्फकी उम्मेदवार सर्वेश्वरी देवी भ्का, प्रतिनिधिसभा सदस्य (समानुपातिक) तर्फका उम्मेदवार पार्थो सरकार लगायत स्थानिय नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

# अतिआबश्यक बाहेकका सेवा प्रवाह बन्द हुने

**टुडे समाचारदाता**

राजविराज । मंसिर ४ गतेको प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालय सप्तरीबाट गरिने नियमित सेवा प्रवाह बन्द रहने भएको छ ।

मंसिर १ गतेदेखि ५ गते सम्मका लागि कार्यालयबाट अति आवश्यक बाहेकका दैनिक सेवा प्रवाह बन्द हुने भएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीद्वारा मंगलबार एक सूचना जारी गर्दै सेवा बन्द बारे जानकारी दिएका छन् ।

यही मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९ को क्रममा कार्यालयका कर्मचारीहरु निर्वाचनको तयारी र मतदान केन्द्रमा पनि खटिने हुँदा मंसिर १ देखि ५ गते सम्म यस कार्यालयबाट अति आवश्यक बाहेकका दैनिक सेवा प्रवाह बन्द हुने सूचनामा उल्लेख छ ।

# कांग्रेसले नागरिकताको समस्या समाधान गर्छ :चौरसिया

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा क्षेत्र नम्बर २ का नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार अजय चौरसियाले मंसिर ४ निर्वाचनपछि नेपाली कांग्रेस नेतृत्वकै गठबन्धनको सरकार बन्ने र उक्त सरकारले नागरिकताको समस्या सम्बोधन गर्ने बताएका छन् ।




वीरगञ्ज महानगरपालिका वडा नम्बर १० मा मंगलबार कांग्रेसका अगुवा नेता कार्यकर्ताहरुसंगको भेटघाटका क्रममा कांग्रेस केन्द्रीय सदस्य समेत रहेका चौरसियाले यस्तो बताएका हुन् ।

उनले भने ,'एमालेको निर्देशनमा राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरेर रोकेर राखेकी छन् , मंसिर ४ पछि कांग्रेस नेतृत्वको गठबन्धनकै सरकार बन्छ , राष्ट्रपति पनि फेरिन्छ , अनि त्यो सरकारले पहिलो काम नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण गराउँछ।

चौरसियाले देशभरि नै कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनको लहर चलेको भन्दै अबको निर्वाचनबाटै एमाले र जसपाको पत्ता साफ हुने भएकाले कुनै दुविधामा नपरी कांग्रेसलाई अत्याधिक मतले जिताउनका लागि अगुवा कार्यकर्ताहरुलाई आग्रह गरे ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता राकेश सिंह , बुथसभापति उंव पूर्व वडा अध्यक्ष रामनगीना साह कानु , कांग्रेसका नगर सह-सचिव दीपक साह , युवा नेता धीरज गुप्ता, महिला नेतृ रुपा श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

# देउसी भैलोको रकम परोपकारी कार्यमा

**रञ्जन यादव**

कलैया । देउसी भैलो खेलेको रकमबाट जीतपुरसिमरा उपमहानगरपालिका वडा नं.४ औराहाका महिलाहरुले परोपकारी कार्य गरेका छन् ।



उनीहरुले स्कुल र मन्दिरलाई डस्टबिन र एक जना बिरामीलाई उपचारका लागि नगद हस्तान्तरण गरेका छन् ।

औराहा महिलाहरुले खेलेको देउसी भैलोबाट आर्जन गरेको रकम मध्ये श्री ने.रा.मा.वि.औराहा , पशुपतिनाथ मन्दिर औराहा , दुर्गा भगवती मन्दिर औराहा र कृष्ण प्रणामी औराहालाई एक ,एक थान डस्टबिन प्रदान गरेका छन् ।

त्यस्तै एक जना बिरामी महिलालाई उपचारका लागि रु १० हजार ५ सय सहयोग गरेको औराहाकी देउसी भैलो खेलेकी एक महिला सीता के.सी.ले जानकारी दिइन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८